नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

**सङ्घीयता लोकतन्त्रको गहना होः शेखरकुमार सिंह**



समाचार पृष्ठ ७ मा

वर्ष ३ | अंक १८८ | २०८२ साल जेष्ठ ०८ गते बिहीबार | Thursday 22, May 2025 | सूर्योदयः बिहान ५:१५ बजे | सूर्यास्तः साँझ ६:४९ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# नेपालीको उठिबास लगाउने वीरगंजका क्यासिनोसँग मुख्यमन्त्री क्रुद्ध

## ताल्चा लगाउँदा गुनासो गर्न नआउन उद्योगी, व्यवसायीलाई आग्रह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले वीरगंजका दुई क्यासिनोका कारण धेरै नेपालीको उठिबास भएको बताएका छन् । उनले प्रदेश सरकारले नियमन गर्न खोजिरहँदा क्यासिनोले सहयोग नगरेको पनि बताएका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घ मधेश प्रदेशद्वारा जनकपुरधाममा आयोजित अन्तरक्रियामा मुख्यमन्त्री सिंह भने, 'नेपाली नागरिकलाई बिचल्ली बनाउने क्यासिनोमा ताल्चा लगाउँदा गुनासो गर्न नआउन उद्योगी व्यवसायीसँग आग्रह गर्दछु ।'

मुख्यमन्त्री सिंहले उद्योग तथा कलकारखाना लगायत अन्य पूर्वाधार विकासका लागि जग्गा व्यवस्थापन गर्न प्रदेश सरकारले गुठी ऐन ल्याउन लागेको भन्दै पर्यटन विकासका लागि मिनी क्यासिनो सञ्चालन गर्ने अनुमति दिने अधिकार प्रदेश सरकारसँग भए पनि सञ्चालनमा रहेका क्यासिनोको अनुभव दुःखद रहेको बताए । उनले वीरगंजका दुई क्यासिनोले धेरै नेपालीको उठिबास लगाएको र अनुगमनमा असहयोग गरेको विषय पनि उठाए ।

मुख्यमन्त्री सिंहले कृषिक्षेत्रको विकासमार्फत प्रादेशिक अर्थतन्त्रलाई मजबुत बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँदै कृषि विद्युतीकरण तथा सिंचाइ व्यवस्थापनका लागि प्रदेश सरकारले स्थानीय तहलाई अनुदान दिएको जानकारी दिए । उनले प्रदेश सरकारले प्रदान गर्ने अनुदानको दायरामा प्रदेशका बहुसंख्यक स्थानीय तह परेको बताए । उनले स्टार्टअपसम्बन्धी कार्यक्रमका लागि विनियोजित बजेट परिचालन गर्ने कार्यविधि बनाई काम अगाडि बढाउँदा बैँकको अरुचिका कारण समस्या परेको भन्दै आगामी वर्षमा स्टार्टअप तथा इन्क्विवेसन सेन्टर वीरगंजमा स्थापना गर्न बजेट छुट्याइने उल्लेख गरे ।

देशकै बजेट निर्माणका नीतिगत प्रक्रियामा निजीक्षेत्रले समेत प्रभावित गरिरहेका बेला राजनीतिक दलको समूहगत ऐक्यबद्धताले मात्र केन्द्रीय तहमा ठोस तथा स्थिर आर्थिक नीति आउन कठिन रहेको औँल्याउँदै प्रदेश सरकारले आवश्यकता एवम् औचित्यका आधारमा आर्थिक क्षेत्रमा फड्को मार्ने नीतिगत प्रस्टता र सुशासन कायम गर्ने बताए । उनले राजस्व संकलन गर्ने बिन्दुमा प्रदेश सरकारको कानूनी हस्तक्षेप निष्प्रभावी रहेको भन्दै त्यस ठाउँलाई व्यवस्थित र उपलब्धिमूलक बनाउन सङ्घ सरकारसँग संवाद गर्ने बताए ।

मुख्यमन्त्री सिंहले प्रदेश सरकारले कुखुरा र अण्डामा आत्मनिर्भर प्रदेशका व्यवसायीको हितसाधन हुनेगरी आफूले सेतो अण्डाको आयात रोक्न प्रदेशका सुरक्षा अधिकारीलाई निर्देशन दिएको र त्यसअनुरूप कामसमेत भएको भन्दै भारतीय पर्यटकको नेपाल आवागमनलाई सहज तुल्याउन भारतीय नम्बर प्लेटका सवारीसाधनको नेपाल प्रवेशलाई सरल बनाउन सम्बद्ध निकायसँग सहकार्य गरिने पनि प्रस्ट्याए ।

उद्योग वाणिज्य महासङ्घ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानीले उद्योग व्यवसाय, कृषि, पर्यटन, पूर्वाधार, स्वास्थ्य, शिक्षा, सार्वजनिक वित्तलगायत क्षेत्रको विकासका लागि मधेश प्रदेशको स्थिति अनुकूल भए पनि बजेटको प्राथमिकता र कार्यान्वयन प्रक्रियाको तीव्रता अभावमा अन्य प्रदेशको तुलनामा मधेश प्रदेश आर्थिक सूचकांकमा कमजोर हुन पुगेको बताए । वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतमले स्थिर आर्थिक नीतिबाट नेपाली तथा विदेशी लगानीकर्ताको हित सुनिश्चितता, आवश्यक कानून निर्माण, प्रोजेक्ट बैंकको पूर्णता र लगानी प्राधिकरणजस्ता व्यवस्था एवम् संरचना बनाई उद्योग व्यवसाय प्रवर्द्धन गरिनुपर्ने बताए । कार्यक्रममा प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादव, उद्योग तथा पर्यटन मन्त्री सकिल मियाँ, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा.सोहन साहलगायत उद्योगी व्यावसायीको सहभागिता थियो ।

## हरवाचरवाको पुनर्स्थापनामा ध्यानाकर्षण



मधेश प्रदेशमा पुनस्र्थापनाको पर्खाइमा रहेका मुक्त हरवाचरवाको जीवनमा आशा जागाउने प्रयत्नस्वरूप राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई मार्गचित्रसहित ध्यानाकर्षण गराएको छ । प्रदेश सरकारको आगामी नीति तथा कार्यक्रम र बजेटमार्फत् मुक्त हरवाचरवाको न्यायिक पुनस्र्थापनाको सुनिश्चितता गरिनुपर्ने माग गर्दै ध्यानाकर्षण पत्र पेश गरिएको हो ।

ध्यानाकर्षण पत्र मञ्चका केन्द्रीय उपाध्यक्ष श्रीप्रसाद सदाद्वारा हस्ताक्षरित छ । पत्रमा पुनस्र्थापनाको विस्तृत मार्गचित्र र व्यवहारिक सुझाव समेटिएको छ । मञ्चको प्रतिनिधिमण्डलसँगको भेटमा मुख्यमन्त्री सिंहले हरवाचरवा प्रथालाई मधेश प्रदेशको समृद्धिमा लागेको 'कलंक'को संज्ञा दिँदै यसलाई हटाउन ठोस योजना सहितको नीति र पर्याप्त बजेट सुनिश्चित गरिने प्रतिबद्धता जनाएका छन् । २०७९ साउन २ गते संघीय सरकारले मुक्त हरवाचरवाको ऋण खारेजीसहित पूर्ण मुक्ति घोषणा गरेको थियो । तर, दुई वर्ष सात महिना बितिसक्दा पनि पुनस्र्थापनाको काम शुरुवात नहुनु गम्भीर प्रश्नको विषय बनेको छ । राष्ट्रिय हरवाचरवा अधिकार मञ्चकी केन्द्रीय कोषाध्यक्ष राजवती मण्डलले भनिन्, 'हामीले स्वतन्त्रता त पायौँ, तर बास छैन, काम छैन, जमिन छैन । राज्यले हामीलाई अभावमै छोडेको छ । आश्वासनमात्र काफी छैन, व्यवहारिक पुनस्र्थापनाको अबिलम्ब थालनी हुनुपर्छ ।'

अम्बेडकर पार्कबारे चमार समुदायको चासो

चमार जातिसम्बद्ध विभिन्न सङ्घसंस्था तथा जातीय अगुवाले डाक्टर अम्बेडकर पार्क शिलान्यास भएकै ठाउँमा बनाउन माग गरेका छन् । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई बुधबार जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भेटेर सिरहाको लहानस्थित सलहेस फुलबारीनजिक १० धुर जग्गामा शिलान्यास भएकै ठाउँमा दलित मसिहा डा.अम्बेडकरको पार्क बनाउनुपर्ने र जग्गा अपुग भए चमार समुदायका डा.काशीन्द्र महरा चमारले सोही ठाउँ दुई कट्ठा जग्गा सरकारको नाममा पारित गर्ने जानकारीसहितको ज्ञापनपत्र बुझाएका हुन् । बाबा भिमराव अम्बेडकर पार्कमा चमार समुदायका रविदास, मुसहर समुदायका दीनाभद्री, राजा सलहेस समेतको प्रतिमा राख्ने भन्दै ज्ञापनपत्रमा प्रदेश सरकारले पार्क बनाउन नसके व्यक्तिगत रूपमा चन्दा उठाएर भए पनि पार्क बनाई छाड्ने उल्लेख गरिएको छ । ज्ञापनपत्रमा चमार कल्याण समाज नेपालका राष्ट्रिय अध्यक्ष दिनेश चमारलगायतले हस्ताक्षर गरेका छन् ।

# जेठ १५ लगत्तै नीति तथा कार्यक्रम



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका प्रवक्ता एवम् गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम जेठ १५ लगत्तै सार्वजनिक गरिने जानकारी दिएका छन् । बुधबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री लेखीले प्रदेश सरकारको नीति तथा कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको बताएका हुन् ।

उनका अनुसार यस वर्षको बजेट सञ्चारमैत्री र शहीद परिवारप्रति उत्तरदायी हुने गरी तयार पारिँदैछ । खासगरी पछिल्ला वर्षहरूमा सञ्चार मन्त्रालयलाई प्राथमिकतामा नपारिएको गुनासो गर्दै उनले यस वर्ष भने गृह, सञ्चार तथा कानून मन्त्रालयलाई केन्द्रीय प्राथमिकता दिएर बजेट निर्माण प्रक्रिया अघि बढाइएको जानकारी दिए ।

मन्त्री लेखीले शहीद परिवारको माग र संघर्षप्रति संवेदनशीलता देखाउँदै अबका कार्यक्रम केबल 'दोसल्ला ओढाउने, भाषण गर्ने' परम्परामा सीमित नरहने स्पष्ट पारे । उनले चालु आर्थिक वर्षमै शहीदका सन्तानलाई छात्रवृत्तिका लागि ५० लाख बजेट छुट्याइएको र आगामी आर्थिक वर्षमा सीपमूलक तालिमका लागि ८० लाख बजेट विनियोजन गरिने जानकारी दिए ।

# रितुको अमर प्रेमकथाः

## मिर्गौला दिएर श्रीमान्लाई पुनर्जीवन



**मधेशदृष्टि**
**सिरहा ।**
साँचो मायाले कुनै शर्त राख्दैन भन्ने प्रमाण बनेकी छन् सिरहा, लहान नगरपालिका–२४ की रितु साह । उनले आफ्ना श्रीमान् मौजे साहलाई नयाँ जीवन दिन आफ्नै मिर्गौला दान गरेकी हुन् । दुवै मिर्गौला फेल भएर नौ महिनादेखि काठमाडौँको शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा नियमित डायलसिस गराइरहेका मौजे साहको बुधबार सफल प्रत्यारोपण गरिएको हो । आर्थिक अवस्था कमजोर भएका साह परिवारको उपचार खर्च जुटाउन कठिन भएको अवस्थामा स्थानीय समुदायले एकजुट भई आर्थिक सहयोग संकलन गरेका थिए । गाउँघरका साथी, छिमेकी र सामाजिक अभियन्ताको पहलमा आवश्यक रकम जुटाइएपछि आफ्नो मिर्गौला प्रत्यारोपण सम्भव भएको मौजेले बताए । श्रीमान्को जीवन बचाउन रितु आफैँले एउटा मिर्गौला दिएर असल जीवनसाथीको उदाहरण प्रस्तुत गरेकी छन् । चिकित्सकले प्रत्यारोपण सफल भएको र दुवैको स्वास्थ्य अवस्था स्थिर रहेको जानकारी दिएका छन् । स्थानीयस्तरबाट सहयोग गर्ने सबैलाई साह परिवारले आभार प्रकट गरेका छन् । अब मौजेलाई नियमित औषधि र खानपानमा विशेष ध्यान दिएर स्वास्थ्य सुधार गराउने तयारी भइरहेको परिवारले जनाएको छ ।

# राजस्वद्वारा ९ महिनामा १०८% लक्ष्य हासिल



**मधेशदृष्टि**
**वीरगंज ।**
आन्तरिक राजस्व कार्यालय वीरगंजले चालु आर्थिक वर्षको पहिलो नौ महिनामै निर्धारित लक्ष्यभन्दा धेरै राजस्व संकलन गर्न सफल भएको छ । राजस्व विभागले तोकेको लक्ष्यको १०८.४४ प्रतिशत राजस्व संकलन गर्दै कार्यालयले समग्र कार्यसम्पादनमा सशक्त उपस्थिति जनाएको छ । कार्यालयका प्रमुख कर अधिकृत टिकाराज चौलागाईंका अनुसार चालु आवको नौ महिनाको अवधिमा ६ अर्ब १३ करोड ९५ लाख ६९ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा ६ अर्ब ६५ करोड ७९ लाख ८ हजार रुपैयाँ राजस्व संकलन भएको हो । चौलागाईंले यो उपलब्धिलाई 'उत्साहजनक प्रगति' को संज्ञा दिएका छन् । संकलन विवरणअनुसार अन्तःशुल्कतर्फको राजस्व संकलन विशेष उल्लेखनीय देखिएको छ ।

विभागले अन्तःशुल्कबाट २ अर्ब १६ करोड ६१ लाख रुपैयाँ राजस्व उठाउने लक्ष्य दिएकामा कार्यालयले ३ अर्ब ९६ लाख २४ हजार रुपैयाँ राजस्व संकलन गरी १३८.९४ प्रतिशत लक्ष्य प्राप्ति गरेको छ । आयकरतर्फ कार्यालयले चैत मसान्तसम्म २ अर्ब ११ करोड ४७ लाख ५७ हजार रुपैयाँ संकलन गरेको छ, जुन लक्ष्य (२ अर्ब १३ करोड २५ लाख रुपैयाँ) को ९९.१७ प्रतिशत हो । अन्य शीर्षकमा पनि ठोस उपलब्धि देखिएको छ । बहाल कर २२ करोड ९१ लाख ४ हजार रुपैयाँ संकलन गरिएको छ भने ब्याज ४५ करोड ५७ लाख रुपैयाँ र मूल्य अभिवृद्धि कर १ अर्ब ४३ करोड ३९ लाख ९४ हजार रुपैयाँ (लक्ष्यको ८३.५%) संकलन गरिएको हो ।

विभागले मूल्य अभिवृद्धि करबाट १ अर्ब ७५ करोड ३३ लाख ६७ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य दिएको थियो । राजस्व विभागले वीरगंज कार्यालयलाई चालु आवभरिको लागि कुल ८ अर्ब ७१ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य दिइएको छ । हालसम्मको प्रगति हेर्दा कार्यालयले वर्षअन्त्यसम्म यो लक्ष्य सजिलै पूरा गर्ने मात्र नभई पार गर्नसक्ने सम्भावना पनि देखिएको छ । प्रमुख कर अधिकृत चौलागाईंले राजस्व संकलनमा देखिएको सुधारलाई करदाताको जागरूकता, कार्यालयको प्रभावकारी प्रशासनिक कार्यप्रणाली र कर प्रणालीप्रतिको विश्वसनीयता वृद्धि भएको संकेतका रूपमा व्याख्या गरे । स्थानीय व्यवसायी, उद्योगी र सेवाग्राहीबीच करदाताको दायरा बढाउन र कर नीति कार्यान्वयनमा पारदर्शिता कायम गर्न कार्यालयले विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । यो सफलता सरकारको आन्तरिक स्रोत परिचालन प्रयासमा सकारात्मक योगदान दिने विश्लेषण गरिएको छ । वीरगंजजस्तो व्यापारिक केन्द्रमा राजस्व प्रशासनले देखाएको कुशलता अन्य कार्यालयका लागि पनि उदाहरणीय बन्नसक्ने देखिएको छ ।

# जलमग्न जनकपुरधाम

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको राजधानी जनकपुरधाममा बुधबार आधा घण्टा मात्रै पानी पर्दा शहरका प्रमुख क्षेत्र जलमग्न भएको छ । रामचोक, शिवचोक, मिल्स एरियालगायतका क्षेत्र डुबानमा परेपछि जनजीवन अस्तव्यस्त बनेको हो । वर्षा शुरु हुन नपाउँदै देखिएको यो समस्या स्थानीय बासिन्दाका लागि चिन्ताको विषय बनेको छ । ढल निकासको उचित प्रबन्ध नहुँदा जनकपुरधाम वर्षेनी डुबानको समस्यामा पर्ने गरेको भए पनि समाधानतर्फ स्थानीय निकाय गम्भीर नभएको स्थानीयको गुनासो छ । सडक किनारमा बनाइएका नाला फोहोर र प्लास्टिकजन्य वस्तुले ठसमठस भरिएपछि पानीको बहाव अवरुद्ध हुने गरेको स्थानीयवासीको भनाइ छ । स्थानीय सुरेश यादव भन्छन्, 'नाला त बनाएका छन् । तर, सफा गर्ने जिम्मा कसैले लिँदैन । दुई दिन पानी पर्यो भने घरमा पसेरै आउँछ ।' उनका अनुसार वर्षा शुरु हुनासाथ बच्चाहरूलाई विद्यालय जानसमेत कठिन हुने गरेको छ । शहरी विकास र जनसंख्याको चापसँगै जनकपुरधाममा जथाभावी घर निर्माण, सार्वजनिक खाली जमिनको अभाव तथा आवश्यक पूर्वाधार विकासमा कमी देखिन्छ । ढल र पानी निकासका मार्गहरू समयमै सफा नगरिँदा वर्षाको पानी जमेर बस्ती जलमग्न हुने स्थिति बनिरहेको छ । नगरवासी अबको समयमा नाला सरसफाइ, वर्षा पूर्व पूर्वतयारी र दीर्घकालीन योजनाअन्तर्गत शहरी योजना निर्माणको माग गर्दै आएका छन् । उनीहरू भन्छन्, 'यदि अब पनि समस्या समाधानतर्फ ध्यान दिइएन भने वर्षामा शहर डुब्ने क्रम अझ भयावह हुनेछ ।' जनकपुरधाम उपमहानगरपालिकाले विगतमा पनि नाला सफा गर्ने तथा ढल व्यवस्थापनको घोषणा गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन नहुँदा समस्या ज्यूँका त्यूँ रहेको छ । स्थानीय भन्छन्, 'अब ढिलाइ नगरिकन उपमहानगरपालिकाले योजनाबद्ध रूपमा ढल तथा नाला व्यवस्थापन, नियमित सरसफाइ र सचेतना कार्यक्रम ल्याउनुपर्छ, नत्र जनकपुरधामको पानीमा डुब्ने नियति परिवर्तन हुने देखिँदैन ।'

# दुई दलबीच कार्यगत एकता प्रक्रिया शुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
समावेशी लोकतन्त्र, पहिचानमा आधारित संघीयता र बहुलराष्ट्रीय राज्य स्थापनाको लक्ष्यसहित राष्ट्रिय मुक्ति पार्टी नेपाल र नेपाल जनमुक्ति पार्टीबीच कार्यगत एकता प्रक्रियाको औपचारिक थालनी भएको छ । दुई पार्टीबीच पार्टी एकता सम्मको सम्भावनालाई खोज्दै गठित संयुक्त कार्यदलको पहिलो बैठक अत्यन्त सकारात्मक वातावरणमा सम्पन्न भएको छ । बैठकमा राष्ट्रिय मुक्ति पार्टी नेपालका तर्फबाट नेता बुद्ध छिरिङ मोक्तान, सन्तोष मेहता र रविन्द्र कुमार श्रेष्ठ सहभागी थिए भने नेपाल जनमुक्ति पार्टीका तर्फबाट बलदीप राई, पदम जवेगु र लासिम पालुङवा उपस्थित थिए । कार्यदल सदस्य सन्तोष मेहताका अनुसार बैठकमा साझा राजनीतिक आन्दोलनको रूपरेखा तय गर्न 'समावेशी लोकतन्त्र, पहिचान आधारित संघीयता र बहुलराष्ट्रीयताको' आधारलाई मूल नीति बनाउने समझदारी कायम गरिएको छ । उनले भने, 'दुवै पार्टीबीचको आपसी विश्वास, वैचारिक निकटता र क्रान्तिकारी ध्येयप्रतिको प्रतिबद्धताले यो एकता प्रयासलाई थप दृढ बनाउने विश्वास लिइएको छ ।' कार्यदलले सहकार्यको विस्तृत खाका तयार गर्न बुद्ध छिरिङ मोक्तान र लासिम पालुङवाको संयोजकत्वमा दुई सदस्यीय उपसमिति गठन गरेको छ । यो उपसमितिले निकट भविष्यमा सार्वजनिक गरिने साझा कार्यदिशाको प्रारम्भिक मस्यौदा तयार गर्ने जिम्मेवारी पाएको छ । दुवै पक्षले राजनीतिक संघर्षलाई नयाँ उचाइमा पुर्याउने र शोषणमुक्त, समानतामूलक समाज निर्माणमा योगदान पुर्याउने दाबी गर्दै अगामी दिनमा संगठनात्मक संरचना, नीति तथा कार्यक्रम र एकताको स्वरूपलाई थप स्पष्ट पार्दै जाने बताएका छन् । दुवै दलले वर्तमान एकात्मक राज्य व्यवस्थाले विविधतामाथि गर्ने दमन र पहिचानको उपेक्षा विरुद्ध संघर्ष गर्दै बहुलसांस्कृतिक, बहुभाषिक र बहुलपहिचानयुक्त राष्ट्रको अवधारणालाई संस्थागत गर्दै अघि बढ्ने प्रतिवद्धता जनाएका छन् ।

# विकासको नाममा विनाश असह्यः राजेन्द्र महतो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पूर्व उपप्रधानमन्त्री तथा राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले मुक्कुमलुङमा प्रस्तावित केवलकार निर्माण योजनाप्रति असन्तुष्टि जनाउँदै यस्तो 'दुस्साहस' जारी रहे उत्पीडित समुदायहरूले विद्रोह गर्ने र त्यसको सम्पूर्ण जिम्मेवारी राज्यले लिनुपर्ने चेतावनी दिएका छन् । मंगलबार काठमाडौंको चुम्लुङमा मुक्कुम्लुङ संरक्षण अन्तरदलीय संघर्ष समितिद्वारा आयोजित पत्रकार सम्मेलनमा बोल्दै महतोले मुक्कुमलुङजस्तो पवित्र, सांस्कृतिक र ऐतिहासिक स्थलमाथि राज्यद्वारा 'औपनिवेशिक सोच' अन्तर्गत हस्तक्षेप भैरहेको आरोप लगाए । महतोले भने, 'केवलकार बनाउने दुस्साहस भए लिम्बु लगायत उत्पीडित समुदायले विद्रोह गर्छन् । नश्लवादी प्रवृत्तिको पतन शुरु हुन्छ र यसको सम्पूर्ण जिम्मेवारी राज्यले लिनुपर्नेछ ।' उनले अदालतले कानूनअनुसार फैसला गरे पनि समस्या प्रचलित कानुन आफैं विभेदकारी भएकोतर्फ औंल्याए । 'केवलकार निर्माण संविधानको मर्म र भावना विपरीत छ,' उनले भने । मुक्कुमलुङ पुगेर त्यहाँको 'पवित्र माटो समाएर देवीसँग आशीर्वाद लिएको' स्मरण गर्दै महतोले सो स्थलमाथिको कुनै पनि अवमूल्यन 'सहन असम्भव' भएको प्रस्ट पारे । महतोले राज्यमाथि एकल राष्ट्र–राज्यको शासन शैली अपनाएर बहुल सांस्कृतिक पहिचानमाथि आक्रमण गरिरहेको आरोप लगाए । 'सभ्यता र संस्कृतिको विनाश गरेर विकास सम्भव छैन, विकासको नाममा विनाश गर्ने प्रवृत्तिविरुद्ध हामी लडिरहेका छौं,' उनले भने । कार्यक्रममा पहिचानवादी मोर्चाका संयोजक प्रा. डा. महेन्द्र लावतीले मुक्कुमलुङमा केवलकार निर्माणको नाममा करोडौं रुपैयाँको अनियमितता भएको दाबी गरे । 'भ्रष्टाचार लुकाउने र थप भ्रष्टाचार गर्ने नियतले यो परियोजना अघि बढाइएको छ,' उनले आरोप लगाए । संविधानसभा सदस्य राजकुमार नाल्बो, जनमुक्ति पार्टीका सन्जुहाङ पालुङ्वा, श्रीलिन्खिमलगायत वक्ताहरूले मुक्कुमलुङको सांस्कृतिक र धार्मिक महत्त्वमाथि जोड दिँदै यसको संरक्षणका लागि संयुक्त संघर्षको घोषणा गरे । उनीहरूले राज्यले विकासका नाममा गरिरहेको आक्रमणविरुद्ध लामो संघर्षको चेतावनीसमेत दिए । मुक्कुमलुङ लिम्बुवान क्षेत्रका आदिवासीहरूको लागि मात्र नभई सम्पूर्ण बहुसांस्कृतिक नेपालका लागि सांस्कृतिक सम्पदाको रूपमा स्थापित स्थल हो । यसमाथिको कुनै पनि निर्माण कार्यले धार्मिक आस्थामात्र नभई पहिचान र अधिकारको सवाल उठाउने महत्त्व बोकेको छ । केवलकार निर्माण परियोजना अहिले विवादको घेरामा तानिएको छ । स्थानीय समुदाय, पहिचानवादी समूह र राजनीतिक नेताहरूले आ–आफ्नो धारणा सार्वजनिक गर्दै परियोजना तत्काल रोक्न माग गरिरहेका छन् ।

# आमसञ्चार प्राधिकरणले लियो पत्रकारहरुसंग सुझाव

**मधेशदृष्टि**
**सप्तरी ।**
मधेश प्रदेशको आमसञ्चार प्राधिकरणले विगतका महत्वपुर्ण निर्णयलाई कार्यान्वयनमा निरन्तरता तथा थप आवश्यक कार्यक्रम अघि बढाउन सप्तरीका सञ्चारकर्मीहरुसंग सुझाव लिएको छ । बुधवार सप्तरी सदरमुकाम राजविराजमा पत्रकारहरुसंग 'परिचयात्मक कार्यक्रम' को आयोजना गरी प्राधिकरणद्वारा यसरी सुझाव संकलन गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै प्राधिकरणका नवनियुक्त अध्यक्ष जीतेन्द्र खडगाले आफ्नो कार्यकालमा मधेशका पत्रकारहरुको पेशागत हकहितको सुरक्षा, सम्मान, संरक्षण, क्रियाशिल मिडिया हाउसहरुको उत्थान तथा पत्रकारिता क्षेत्रमा देखिएका समस्याहरुको समाधानका लागी प्रदेशको ८ वटै जिल्लामा सुझाव संकलन कार्यक्रम संचालन गरेको बताए । नवनियुक्त अध्यक्ष खडगा सप्तरीकै हुन् । अन्य जिल्लामा उक्त कार्यक्रम सम्पन्न गर्दै अन्त्यमा आफ्नो गृहजिल्लामा यस्तो कार्यक्रम गरिएको बताएका उनले पत्रकारिता क्षेत्रलाई अझ विश्वसनीय, भरपर्दो र गुणस्तरीय बनाउन सम्बन्धित सबै पक्षको सुझाव लिएर आफुले काम गर्ने प्रतिबद्धता जनाए । उनले सूचना प्रविधीको विकाससंगै सत्य, तथ्य र आधिकारीक समाचारमार्फत समाजलाई सुसूचित गर्ने आमसञ्चार माध्यमलाई सहि ढंगबाट अघि बढाउने जिम्मेवारी विशेष गरी पत्रकारिता क्षेत्रकै रहेको भन्दै यस क्षेत्रमा लागेका सबै अझ जिम्मेवार भइ काम गर्नु पर्नेमा जोड दिए । कार्यक्रममा सहभागी पत्रकारहरुले पत्रकारहरुको जिवन बीमा, ज्येष्ठ पत्रकारहरुलाई पेन्सन, पत्रकारको सुरक्षा, सम्मान, अनलाईन मिडियाहरुको वर्गीकरण, मधेशका स्थानीय तहहरुद्वारा मिडिया ऐन ल्याउनका लागि पहल, स्थानीयस्तरका मिडियालाई प्रोत्साहन गर्न विभिन्न नीति निर्माण लगायतका कार्य अघि बढाउन सुझाव दिएका थिए ।

कार्यक्रममा प्राधिकरणका निर्वतमान अध्यक्ष श्यामसुन्दर यादवले आफ्नो कार्यकालमा भोग्नु परेको समस्याबारे अनुभव सुनाउँदै प्राधिकरणका नवनियुक्त अध्यक्षलाई पत्रकारिता क्षेत्रको विकासका लागि गर्ने हरेक कार्यमा साथ र सहयोग गर्ने प्रतिबद्धता जनाउँदै शुभकामना दिएका थिए । नेपाल पत्रकार महासंघ सप्तरीका पूर्वसभापति समेत रहेका प्राधिकरण अध्यक्ष खडगालाई सो अवसरमा पत्रकारहरुले खादा ओढाएर सम्मान गर्नुका साथै सफल कार्यकालको शुभकामना दिएका थिए ।

# अमितले १० राष्ट्रका प्रतिनिधिसँग तीन साता अमेरिकामा नेतृत्वको अभ्यास अध्ययन गर्ने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका–२ का निर्वाचित वडा सदस्य तथा नव मिथिला फाउन्डेसनका अध्यक्ष अमित कुमार साहले अन्तर्राष्ट्रिय स्तरमा नेपाली युवा नेतृत्वको प्रतिनिधित्व गर्ने गौरव प्राप्त गरेका छन् । अमेरिकाको प्रतिष्ठित 'इन्टरनेशनल भिजिटर लिडरसिप प्रोग्राम (आइभिएलपी)'मा सहभागी हुन साह हाल अमेरिकामा छन् । उनलाई अमेरिकी दूतावास काठमाडौंमार्फत निमन्त्रणा प्राप्त भएको थियो । सन् २०२५ मे १९ देखि जुन ७ सम्म अमेरिका भ्रमणमा रहने यो कार्यक्रम अमेरिका सरकारले विश्वभरका उदीयमान नेताहरूलाई नेतृत्व विकास, अनुभव आदान–प्रदान र अन्तर्राष्ट्रिय सहकार्यका लागि प्रदान गर्दै आएको एक विशिष्ट अवसर हो ।



'युथ एण्ड कम्यूनिटि इन्गेजमेन्ट फर द इन्डो प्यासिफिक' शीर्षकमा भइरहेको यस कार्यक्रममा नेपाल, अष्ट्रेलिया, बंगलादेश, बर्मा, क्याम्बोडिया, हङकङ, श्रीलंका, थाइल्याण्ड र भियतनामका युवा नेताहरू सहभागी छन् । अष्ट्रेलियाबाट मन्दुराह सहरका मेयर पनि प्रतिनिधित्व गर्दै सहभागी हुँदैछन् । साहले नेपालबाट एकमात्र सहभागीको रुपमा अवसर पाउनु जनकपुरधामको मात्रै नभई सिंगो मधेश र मुलुककै गौरवको विषय बनेको छ । तीन साता लामो भ्रमण अवधिमा सहभागीहरूलाई नेतृत्व विकास र रणनीतिक योजना निर्माण, सार्वजनिक पहुँच र सञ्चार सञ्जालको उपयोग, स्थायी लोकतान्त्रिक संस्थाको विकासमा युवाको भूमिका, साझेदारी सञ्जाल निर्माण र अन्तर्राष्ट्रिय सहकार्यलगायतका विषयमा सशक्त बनाइनेछ । कार्यक्रममा सहभागीहरूले अमेरिकाभरका संघीय, राज्यीय र स्थानीय निकायका नेतृत्व अभ्यासहरू अवलोकन गर्ने, कार्यशाला तथा छलफलमा सहभागी हुने र विविध सामाजिक संरचनासँग अन्तरक्रिया गर्नेछन् । अमेरिकी दूतावासको सार्वजनिक मामिला शाखाले भ्रमण अवधिको सम्पूर्ण व्यवस्थापन गरेको छ । अमित कुमार साह विगत एक दशकदेखि नव मिथिला फाउन्डेसन मार्फत युवा सशक्तिकरण, सांस्कृतिक संरक्षण, स्थानीय शासनमा नागरिक सहभागिता र नीति निर्माणमा युवाको आवाज अभिवृद्धि गर्ने कार्यमा क्रियाशील रहँदै आएका छन् । जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा निरन्तर सक्रिय रहँदै आएका साहले स्थानीय तहमा पारदर्शिता, जवाफदेहिता र लोकतान्त्रिक मूल्यको अभ्यास बलियो बनाउन विशेष योगदान दिँदै आएका छन् ।

# सनिजालाई कुटपिट गरेको आरोपमा नन्द मरियम पक्राउ

**मधेशदृष्टि**
**सप्तरी ।**
फोनबाटै 'तलाक' पाएकी एक महिलालाई कुटपिट तथा अन्य गतिविधिमार्फत दुःख दिएको आरोपमा उनका नन्द पक्राउ परेकी छन् । प्रहरीका अनुसार सप्तरीको डाक्नेश्वरी नगरपालिका–७ निवासी सनिजा खातुनलाई कुटपिट तथा अनय गतिविधिमार्फत दुःख दिएको आरोपमा उनका नन्द मरियम खातुनलाई पक्राउ गरिएको हो । पक्राउ परेका मरियमलाई बुधबार सप्तरी जिल्ला अदालतबाट ठगी तथा अपराधिक विश्वासघात मुद्दामा तीन दिनको म्याद थपेर आवश्यक अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिए । सासु आयसा र नन्द मरियमको कुटाइबाट घाइते भएकी सनिजाको विगत चार दिनदेखी स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ । अस्पतालको आकस्मिक कक्षको १४ नं. बेडमा भर्ना भई उपचारत सनिजाले आपृm र छोरालाई यो अवस्थामा सासृ आयशा खातुन र नन्द मरियम खातुनले पुर्याई दिएको बताएकी छन् ।



उनका श्रीमान मो. आकुब विगत २ वर्षदेखि रोजगारीको सिलसीलामा कतारमा छन् । सासु र नन्दले श्रीमान आकुबलाई झुठो कुरा पुर्याएर तलाकको अवस्थामा समेत पुर्याई दिएको उनले पीडा पोख्दै आएकी छन् । 'हुँदै नभएको अनर्गल कुराहरु सासु र नन्द मिलेर विदेशमा रहेका श्रीमानलाई पुर्याएपछि ९ महिना अघि फोनबाटै 'तलाक' दिए,' उनले भनिन, 'विवाहदर्ता र नागरिकता बनाई दिन पटक/पटक आग्रह गर्दा आफुमाथि यसरी शारिरीक र मानसिक यातना दिने क्रम शुरु भएको छ ।'

उपचारका लागि काखे छोरासहित अस्पताल भर्ना रहेकी सनिजाले विवाहको ३ वर्ष भन्दा बढी भइसक्दा पनि श्रीमानले विवाहदर्ता र नागरिकता नबनाई दिएको र सो बनाइ दिन फोनबाट पहलका लागि आग्रह गर्दा 'किन हतार गरेको' भन्दै रिसाउने गरेको बताएकी छन् । उनले गत मंसिर १९ गते साँझ आफु गाउँको एक आफन्तको बैवाहिक कार्यक्रममा सरिक हुन गएका बेला नन्द मरियमले कोठामा रहेको दराजबाट सुनको सिक्री, टिका, नथुनी, औंठी गरी करिब ५ तोला र चाँदीको १० तोलाको विभिन्न गरगहना चोरी गरी लगेको र सोबारे इलाका प्रहरी कार्यालय पातो हुँदै जिल्ला प्रहरी कार्यालयसम्म पुगेर उनीविरुद्ध ठगी तथा अपराधिक विश्वासघात मुद्दामा उजुरी दिएको बताइन् । यता, मरियमलाई पक्राउ गरिएपछि सनिजा र उनका आफन्तले आफूहरुले प्रारम्भिक न्याय पाएको प्रतिक्रया दिएका छन् ।


**Janakpurdham Sub-Metropolitan City**
**Office of the Municipal Executive**
**Janakpurdham, Dhanusha**
**Madhes Province, Nepal**

**Invitation for Electronic Bids**

**Date of First Publication: 2082-02-06 (19th May, 2025)**

Janakpurdham Sub-Metropolitan City invites electronic bids from registered Suppliers for below Mentioned good. For Further Information and More Details about the bid, Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Description of Work | Estimated Amount Including VAT | Bid Security Amount | Last Date of Bid Submission | Bid Document Fee |
|---|---|---|---|---|---|
| 25/2081/82/SQ/GOODS | Supplying of Smart Board for Shree Rajarshi Janak Ma.Bi., Janakpurdham-13 as per approved Specification | 18,36,653.00 | 40,000.00 | 2082-02-21 12:00hrs | 1000.00 |

**- Engineer**



**मधेश विश्वविद्यालय**
**(रजिष्ट्रारको कार्यालय)**
**वीरगंज, पर्सा**
**मधेश प्रदेश, नेपाल**
सम्पर्क नं.- ०५१-५९२२९२

मितिः २०८२।०२।०८

**विश्वविद्यालय सम्बन्धन विस्तार सम्बन्धी सूचना**

उपरोक्त सम्बन्धमा यस मधेश विश्वविद्यालय अन्तर्गत संचालित शैक्षिक कार्यक्रमहरु मध्ये हाललाई मधेश प्रदेश भित्र BPAM (Bachelor in Public Administration & Management) र BEM(Bachelor of Entrepreneurship Management) संचालनको लागि सहकार्य गर्न इच्छुक क्याम्पसहरुलाई तोकिए बमोजिम सम्बन्धन प्रदान गर्न प्रावधान अनुसार सार्वजनिक, सामुदायिक तथा सहकारी क्षेत्रबाट साझेदारीमा संचालित अध्ययन संस्थानहरुलाई सम्बन्धन लिनका लागि मधेश विश्वविद्यालय कार्यकारी परिषद्द्वारा स्वीकृत "महाविद्यालय सम्बन्धन सम्बन्धी कार्यविधी-२०८२" अनुसार सूचना प्रकाशन भएको मिति देखि १५ दिन सम्म (मिति २०८२।०२।०८ गते देखि २०८२।०२।२२ गते सम्म) आवेदन दिने सूचना गरिएको व्यहोरा जानकारी गराइन्छ। आवेदन फाराम विश्वविद्यालयको वेवसाइट madheshuniversity.edu.np बाट डाउनलोड गर्न सकिन्छ । थप जानकारीको लागि विश्वविद्यालयको डीन कार्यालयको सम्पर्क नम्बर ०५१-५९१२९४ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

रजिष्ट्रार

# गुजरामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा कामकाज ठप्प




**आरके श्रीवास्तव**
**रौतहट ।**
रौतहटको गुजरा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नभएपछि नगरको प्रशासनिक कामकाज प्रभावित भएको छ । वैशाख २१ गते प्रमुख प्रशासकीय अधिकृतको सरुवा भएको भए पनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हालसम्म नयाँ अधिकृत पठाएको छैन् ।
बजेट निर्माणदेखि भुक्तानी प्रक्रिया शुरु हुने यो महत्त्वपूर्ण समयमा प्रमुख प्रशासकीय अधिकृत नहुँदा नगरपालिकामा सबै काम ठप्प भएको नगर प्रमुख सन्तलाल चौधरीले बताए । 'हामीले मन्त्रालयमा पटक–पटक अनुरोध गरिरहेका छौं । तर, अहिलेसम्म कसैलाई पठाइएको छैन,' उनले भने, 'नगरवासीको सेवा र विकास निर्माणका काम प्रभावित भएका छन् ।'
उनी भन्छन्, 'हाकिम सरुवा गर्ने अधिकार मन्त्रालयको हो भने हाकिम पठाउने जिम्मा पनि उसैको हो । तर, हाकिम अहिलेसम्म पठाइएको छैन् । कस्तो बिडम्बना हो ।' नगरपालिकामा अहिले चालु आर्थिक वर्षको अन्त्य नजिकिँदै गर्दा योजनाको मूल्यांकन, भुक्तानी तथा आगामी वर्षको बजेट निर्माणका कार्यहरू तिव्र रूपमा अघि बढाउनु पर्ने अवस्था छ । तर, कार्यालय प्रमुख नहुँदा निर्णय प्रक्रियामा बाधा आएको छ ।
स्थानीय तहका सरोकारवालाहरूले संघीय मन्त्रालयले यस्तो संवेदनशील समयमा अधिकृत नपठाएर नगरपालिकालाई अस्तव्यस्त बनाउने प्रयास गरेको आरोप लगाएका छन् । असार मसान्त आउन २५ दिन मात्र बाँकी रहँदा प्रमुख प्रशासकीय अधिकृतको अभावले समग्र नगर प्रशासनमा अन्योल उत्पन्न भएको छ । नगर प्रमुख चौधरीले मन्त्रालयमा पत्राचार र भेटघाटमार्फत प्रमुख प्रशासकीय अधिकृत चाँडै पठाउन पहल भइरहेको बताएका छन् ।

# सालको काठसहित एक जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सागढी नगरपालिका–९ बडेर्वाबाट सालको काठसहित एक जनालाई नियन्त्रणमा लिइएको छ । सब डिभिजन वन कार्यालय बडनिहारबाट खटिएको गस्ती टोलीले बुधबार बिहान २ बजे पर्सागढी नगरपालिका–१ गुलरिया निवासी ३५ वर्षीय रामसुरत चौधरी थारूलाई पक्राउ गरेको हो । जमदार जीतबहादुर तामाङ नेतृत्वको टोलीले साइकलमा लोड गरिएको अवस्थामा सालको गोलियासहित रामसुरत चौधरी थारूलाई नियन्त्रणमा लिएको हो । गस्ती टोलीका प्रमुख तामाङका अनुसार चौधरीले बडनिहार राष्ट्रिय वन क्षेत्रबाट अवैधरूपमा सालको रूख काटी त्यसको गोलिया साइकलमा बोकेर ल्याउँदै गरेका थिए । उनको साथबाट करिब सात क्यूफिट सालको काठ बरामद गरिएको छ । पक्राउ परेका चौधरीलाई काठसहित थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि डिभिजन वन कार्यालय वीरगंज पठाइएको गस्ती टोलीले जनाएको छ ।

# वन क्षेत्रमा हरिण र बँदेलको चोरी सिकारी बढ्दै

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा राष्ट्रिय निकुञ्ज तथा डिभिजन वन कार्यालय अन्तर्गतका वन क्षेत्रमा हरिण र बँदेलको चोरी सिकारी तीव्ररूपमा बढ्दै गएको छ ।
पर्सा जिल्लाका विभिन्न स्थानीय तहमा रातको समयमा वन्यजन्तु शिकार गरी मासु वितरण र बिक्री गर्ने कार्य व्यापक बनेको पाइएको छ । सखुवाप्रसौनी गाउँपालिका, जीराभवानी गाउँपालिका तथा ठोरी गाउँपालिका क्षेत्रमा वन्यजन्तुको चोरी सिकारी बढेको हो ।

# रौतहटबाट १२७ जना हजयात्रीको यात्रा शुरु



**मधेशदृष्टि**
**रौतहट ।**
इस्लाम धर्मावलम्बीको लागि अत्यन्त पवित्र मानिने हज यात्राका लागि रौतहटबाट पहिलो चरणमा ११९ जना यात्रु बुधबार बिहान साउदी अरेबिया प्रस्थान गरेका छन् । काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बिहान ५ बजे उडेको विमानमार्फत उनीहरू मक्का–मदिनातर्फ प्रस्थान गरेका हुन् । नेपाल हज समितिको सचिवालयका सदस्य गुलाम सरबरका अनुसार बुधबार राति ८ बजे थप एक जना र बिहीबार बिहान ५ बजे अर्को उडानमार्फत सात जना गरी रौतहटका कुल १२७ जना हजयात्री यस वर्षको हज यात्रामा सहभागी हुनेछन् । नेपाल हज समितिले यस वर्ष हजको लागि आवश्यक सम्पूर्ण व्यवस्थापन र समन्वय पुरा गरेको जनाएको छ । समितिका सदस्य सरबरले रौतहटका १२७ सहित सर्लाहीका २८ र सुनसरीका २ जनासहित १४९ सदस्यीय टोलीको नेतृत्व गर्दै साउदी अरेबिया प्रस्थान गरेका छन् ।
यस वर्ष साउदी अरब सरकारले नेपालका लागि एक हजार दुई सय हजयात्रीको कोटा तोकेकोमा हालसम्म एक हजार एक सय ७१ जना नेपाली मुस्लिम धर्मावलम्बीहरू हज यात्रा गर्न जाने तयारीमा छन् । हजयात्रीको सुविधाका लागि समितिको समन्वयमा निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गरिएको थियो । नेपाली कांग्रेसका नेता तथा पूर्वसांसद डा. फिरदोस आलमले हजयात्रीहरूको स्वास्थ्य परीक्षण र आवश्यक तयारीमा सहयोगी भूमिका निर्वाह गरेका थिए । नेपाल तरुण दलका केन्द्रीय सदस्य नौशाद आलमका अनुसार डा. आलमको पहलमा धेरै हजयात्रीले सहज सेवा पाएका छन् । हज इस्लाम धर्मअनुसार पाँचवटा मुख्य स्तम्भमध्ये एक हो । हजलई एकपल्ट अनिवार्य रूपमा पूरा गर्नुपर्ने धार्मिक दायित्व मानिन्छ । हजमा सहभागी हुन पाउनु मुस्लिम समुदायका लागि ठूलो सौभाग्य र धार्मिक उपलब्धि मानिन्छ । यस पवित्र यात्राको अवसरमा रौतहट जिल्लामा धार्मिक उत्साहको वातावरण देखिएको छ । स्थानीयहरू हजयात्रीहरूलाई शुभकामना दिँदै उनीहरूको सफल र सुरक्षित यात्राको कामना गरिरहेका छन् । हज समितिका अनुसार बाँकी यात्रुहरू पनि निर्धारित तालिकाअनुसार केही दिनभित्रै साउदी अरेबिया प्रस्थान गर्नेछन् । यात्रुहरूको बसोबास, स्वास्थ्य, यातायात लगायतका व्यवस्थापनमा समितिले साउदी अरबको सहकार्यमा समन्वित भूमिका खेल्ने जनाएको छ ।

# रक्सौल प्रहरी चौकीका प्रमुख सिन्हा निलम्बित

**मधेशदृष्टि**
**वीरगंज ।**
रक्सौल प्रहरी चौकीका प्रमुख राजीव नन्दन सिन्हालाई निलम्बन गरिएको छ । सिन्हालाई विभागीय कारबाही शुरु गरिने छ ।
स्रोतका अनुसार उनीमाथि एक व्यापारीको पसलबाट लाखौं मूल्यको खरिद गरेको र पैसा नतिरेपछि कुनै मुद्दामा अभियुक्त बनाइएको आरोप छ । बेतिया रेन्जका डीआईजीले आरोपको अनुसन्धान गरेका थिए । अनुसन्धानमा दोषी पाइएपछि डीआईजीले उनलाई निलम्बन गरेका छन् ।

# अनुगमनको खबरले राजविराजका सुनचाँदी पसल बन्द



**मधेशदृष्टि**
**सप्तरी ।**
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंज र गुणस्तर तथा नापतौल कार्यालय विराटनगरको संयुक्त अनुगमन टोली राजविराज पुग्ने खबर फैलिएपछि अधिकांश सुनचाँदी व्यवसायीहरूले बुधबार आत्तिँदै पसल बन्द गरेका छन् । अनुगमन टोलीले सुनचाँदी पसलहरूमा नापतौल, बिलिङ प्रणाली र धातुको शुद्धतासम्बन्धी निरीक्षण गर्न थालेपछि व्यवसायीहरू पसल खोल्न डराएको देखिएको छ । अनुगमन टोली राजविराज आइपुगेको सूचना बिहानै फैलिएपछि एकाएक अधिकांश सुनचाँदी पसलहरू ढोकामा तालाबन्दी देखिए । कतिपय व्यापारीहरू पसल बन्द गरी सहरबाट बाहिरिएको बताइएको छ ।
यसप्रकारको कार्यले व्यापारीहरू अवैध कारोबारमा संलग्न भएको आशंका थप बलियो बनाएको स्थानीय सर्वसाधारणले बताए । सुनचाँदी व्यवसायी संघ राजविराजका अध्यक्ष नारायण रञ्जनले आफू राजविराजमा नभएको बताउँदै परिस्थितिबारे बुझेर मात्र आधिकारिक प्रतिक्रिया दिने बताए । 'ज्वेलर्स बन्द रहेको विषयमा पछि बुझ्छु,' उनले भने, 'तर, आफ्नो पसल खोल्न भनेकै छु ।' सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहालले अनुगमनको उद्देश्य उपभोक्ताको हित सुनिश्चित गर्नु रहेको बताए ।
'यो कुनै दण्डात्मक कदम होइन, नियमित निरीक्षणको एक भाग मात्र हो,' उनले भने, 'थप विवरण सार्वजनिक गरिनेछ ।' स्थानीय नागरिकले सुनचाँदी जस्तो संवेदनशील क्षेत्रमा स्पष्ट मूल्यसूची, प्रमाणिक नापतौल र शुद्धताको ग्यारेन्टी सुनिश्चित गर्न प्रशासनलाई थप कडाइ गर्न सुझाव दिएका छन् ।

# वार्षिकोत्सवको अवसरमा रक्तदान

**मधेशदृष्टि**
**बारा ।**
सशस्त्र प्रहरी बल नेपाल नम्बर ४० रिजर्भ गण हेडक्वार्टर पिलुवा बाराले आफ्नो २४औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ । गणको पिलुवास्थित परिसरमा आयोजित कार्यक्रममा ३० जनाले रक्तदान गरेका छन् । रक्तदान गर्नेहरूमा राजेश मल्ल, संजय तामाङ, विजय क्षेत्री, मनोज नगरकोटी, नवराज नेपाली लगायतका सुरक्षाकर्मीहरू सहभागी थिए । यस मानवीय कार्यमा रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिकहरूले प्राविधिक सहयोग उपलब्ध गराएका थिए । गणले आफ्नो स्थापना दिवसको अवसरमा रक्तदान जस्तो परोपकारी कार्यक्रमको आयोजना गरी सामाजिक उत्तरदायित्व बहन गरेको छ । यसले समाजमा सकारात्मक सन्देश प्रवाह गर्नुका साथै रगतको अभावलाई केही हदसम्म पूर्ति गर्न सहयोग पुगेको छ ।

# अन्तर्राष्ट्रिय कुस्ती प्रतियोगितामा वीरगंजका सुजित सहभागी

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको नयाँ दिल्लीमा मे २१ देखि २६ तारिखसम्म आयोजना हुने युडब्लुडब्लु एसियन बेल्ट कुस्ती एलिस च्याम्पियनसिप २०२५ मा नेपालबाट वीरगंजका सुजित यादव सहभागी हुने भएका छन् । वीरगंज महानगरपालिका–१७ निवासी सुजित यादवले ७० केजी तौल समूहमा नेपालको तर्फबाट प्रतिस्पर्धा गर्ने छन् । उनी कुस्ती खेलमा सक्रिय र सफल युवा खेलाडीको रूपमा परिचित छन् । यस प्रतिष्ठित अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाललाई प्रतिनिधित्व गर्ने अवसर पाएका सुजितले देशको नाम उच्च बनाउने विश्वास गरिएको छ । प्रतियोगितामा एशियाका विभिन्न देशका शीर्षस्तरीय खेलाडीहरूको सहभागिता रहनेछ ।

# उपचारका लागि काठमाडौं लग्ने क्रममा विमानमै मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको फतुवा विजयपुर नगरपालिका–११ की ३९ वर्षीया राजकुमारी चौधरीको उपचारका लागि काठमाडौं लग्ने क्रममा बाटोमै मृत्यु भएको छ । उनका श्रीमान् जंग बहादुर चौधरीले उपचारका लागि सिमरा विमानस्थलबाट जहाजमा थप उपचारका लागि काठमाडौं लैजाँदै गर्दा बाटोमै मृत्यु भएको हो ।
जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी अपीलराज बोहराका अनुसार स्वास्थ्यमा समस्या देखिएकी राजकुमारी जहाजमै बेहोस भएकी थिइन् । उपचारका लागि केएमसी अस्पताल पुर्याउँदा चिकित्सकले बाटोमै मृत भएको घोषणा गरेको एसपी बोहराले बताए ।

# रौतहटमा भन्सार छलीको सामानसहित दुई तस्कर पक्राउ




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट प्रहरीले भारतबाट अवैध रूपमा भित्र्याइएका लाखौं मूल्य बराबरका सामानसहित दुई जना तस्करलाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय र मातहतको गस्ती टोलीको संयुक्त प्रयासमा रौतहटको सीमावर्ती क्षेत्रमा चलाइएको विशेष निगरानी अभियानबाट उनीहरूलाई मोटरसाइकलसहित नियन्त्रणमा लिइएको हो । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी दीपक कुमार रायका अनुसार पक्राउ परेकाहरूको नाम र प्रयोग गरिएको मोटरसाइकलको नम्बर गोप्य राखिएको छ । तर, प्रारम्भिक अनुसन्धानमा उनीहरूले भारतीय बजारबाट भन्सार छल्दै अवैध रूपमा विभिन्न सामान नेपाल भित्र्याइरहेको पुष्टि भएको छ । प्रहरीले बरामद गरेका सामग्रीहरूमा कपडा, किराना सामान, गुडियाको माला, चौपाया उपयोगी वस्तु लगायत विभिन्न प्रकारका घरेलु तथा व्यापारिक प्रयोजनका सामग्री रहेका छन् । यी सबै सामग्रीको प्रारम्भिक मूल्यांकन अनुसार कुल मूल्य ४ लाख ६७ हजार ७९५ रुपैयाँ पुगेको छ । बरामद सामग्रीमध्ये मात्रै ३ लाख ६७ हजार ७९५ रुपैयाँ बराबरका सामान अवैध रूपमा भन्सार छली गरी ल्याइएको बताइएको छ । साथै, तस्करीमा प्रयोग गरिएका दुई थान मोटरसाइकल पनि बरामद गरिएको छ । पक्राउ परेका दुबैजनालाई आवश्यक कानुनी प्रक्रिया अघि बढाउन जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको प्रहरीले जनाएको छ ।

# जमिनमुनि भाँसिएको गाडीको केही पाटपुर्जा फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
हेटौंडा उपमहानगरपालिका–१६ स्थित गैरीगाउँमा वैशाख १९ गते जमिन भाँसिदा हराएको पिकअप गाडीको खोजी क्रममा केही पाटपुर्जा फेला परेका छन् ।
एक्स्काभेटरको सहायतामा गाडीका केही भाग जस्तै चक्काका टुक्रा र अन्य पाटपुर्जा भेटिए पनि मुख्य च्यासिस भने अझै निकाल्न सकिएको छैन । गैरीगाउँको माछापालन क्षेत्रमा माछा बोक्ने क्रममा ना ४ च ४८३३ नम्बरको पिकअप भ्यान अनलोड गर्ने बेलामा जमिन भाँसिएर गाडी पुरिएको थियो । प्रारम्भिक तीन दिनको खोजीमा गाडी नदेखिएपछि वैशाख २३ गते भूगर्भशास्त्रीको टोली बोलाएर घटनास्थलको अध्ययन गरिएको थियो ।
खानी तथा भूगर्भ विभागका विज्ञहरूको अनुसन्धान अनुसार सो क्षेत्रमा बोरिङका कारण जमिन कमजोर भई भासिएको निष्कर्ष निकिएको थियो । सोही अध्ययनको आधारमा जेठ २ गते पुनः टोली खटाइ माटो परीक्षणका लागि नमुना संकलन गरिएको थियो । भूगर्भशास्त्रीहरूको सुझाव अनुसार सतर्कता अपनाउँदै एक्स्काभेटर प्रयोग गरेर गाडीको खोजी कार्य गरिएको हो ।

सम्पादकीय

# गहवामाई रथयात्राको तयारी

वीरगंजको प्रख्यात गहवामाईको तेस्रो रथ यात्रा आगामी असारको दोस्रो साता हुने भएको छ । गहवामाई तीर्थ क्षेत्र विकास समितिका आयोजनामा असार १३ गते हजारौँ दशनार्थीहरुका उपस्थितिमा रथयात्राको तयारी भइरहेको छ । समितिका अध्यक्ष श्यामकुमार पोखरेलले विभिन्न उपसमित गठन गरेर रथयात्राको तयारी तिव्र पारिएको जानकारी दिएका छन् । विगत दुई वर्षदेखि वीरगंजमा ५० हजारभन्दा धैरै दशनार्थीहरुको उपस्थितिमा गहवामाई रथयात्रा हुँदै आएको छ । यो वर्षपनि पनि विगतका वर्षमा जस्तै भव्य र सभ्य ढंगले रथयात्रा गर्ने तयारीमा आयोजक जुटेको छ।

समितिले रथयात्रालाई व्यवस्थित र मर्यादित गराउन विभिन्न नौ उपसमिति गठन गरेको छ । धार्मिक समन्वय उपसमितिको संयोजक डा.पुरुषोत्तम दुवेले यसपटकको रथयात्रामा करिवब८० हजारभन्दा धैरै श्रद्धालु भक्तजनको सहभागिता अपेक्षा गरिएको जानकारी दिए।

गहवामाई वीरगंजको प्रख्यात गहवामाई प्राचीन महत्वको धरोहर भएकाले पनि रथयात्रा गर्न लागिएको हो । भारतको जगन्नाथ पुरीमा जस्तै गरी वीरगंजको गहवामाई मन्दिरको पनि रथयात्रा निकाल्ने परम्पराका रुपमा यसलाई विकास गर्ने तयारीका रुपमा पनि यसलाई गौरवको विष्या बनाइएको छ । यसले पर्यटकीय स्थलको प्रचारप्रसारमा समेत सहयोगी हुने अपेक्षा छ । असार १४ गते ५६ भोग र भण्डारा(प्रसाद) वितरण कार्यक्रम समेत राखिएको छ । मधेश प्रदेशमा नै प्रसिद्ध रथयात्रा भएकाले पनि रथयात्रामा साधुसन्त, महिलाको उल्लेखनीय सहभागिता हुने बताइएको छ । धार्मिक समन्वय समितिले धर्म, संस्कृति र संस्कार जोगाउन पनि रथयात्रा गरिएको बताएको छ । धर्म, संस्कृति र आस्था जोगाउन पनि यस्ता रथ यात्रा महत्वपूर्ण हुने अपेक्षा गरिएको छ । धर्म संस्कृति नयाँ पुस्ताका पिढीँलाई हस्तान्तरण गर्नका आवश्यक भएकाले यस्ता रथ यात्राले पनि नयाँ पुस्तालाई जोड्न मदत गर्ने अपेक्षा गरिएको छ।

आयोजकले मधेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंहलाई भेटेर रथ यात्राका दिन मधेश प्रदेशमा सार्वजनिक बिदा दिन पनि अपिल गरेको छ । रथ यात्रामा नेपाल र भारतीय सीमा बजारका भक्तजनको उपस्थितिको रौनक हुनेछ।

# भारतको आतंकवादविरोधी नयाँ डक्ट्रिन



श्रीमन नारायण

भारतको जम्मु–कश्मिरको पहलगाममा आतंककारीहरुद्धारा गरिएको नरसंहार केवल निर्दोष पर्यटकहरुको जीवन माथि गरिएको प्रहार मात्रै थिएन, भारतले यसलाई आफ्नो आत्मा माथिकै प्रहारको रुपमा लिने काम गर्‍यो । पर्यटकहरुलाई तिनको धर्म सोधी हिन्दु भएकै कारण सामुहीक नरसंहार गर्नु घोर निन्दनीय, पाश्विक, क्रुर र बर्बर कृत्य थियो । भारत र नेपालसहित विश्वका अनेकौं देशहरुले यसको भत्र्सना गरेको थियो । पहलगाम घटनाको विरोधमा भारतले आतंकवाद विरोधी कारवाहीको नियम पुस्तिकामा पुनर्लेखन गर्ने निर्णय लियो । ‘अपरेसन सिन्दुर’ यथार्थमा भारतको राष्ट्रिय सुरक्षाको हितको रक्षाका लागि मोदी सरकारको ‘आतंकलाई सहन नगर्ने र कुनै पनि किसिमको सम्झौता नगर्ने’ नयाँ नीति हो । यसलाई आतंकवाद विरुद्धको ‘मोदी सिद्धान्तको प्रत्यक्ष नीतिको रुपमा पनि विश्लेषण गर्न सकिन्छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले हालै आफ्नो देशवासीका नाममा जारी गरेको सन्देशमा आतंकवादसित कसरी लडने र त्यसलाई कसरी निमटियान पार्ने भन्ने विषयमा आफ्नो यस नयाँ सिद्धान्तको व्याख्या गरेका छन् । हालका घटनाहरुको आधारमा निर्मित यो सिद्धान्त आतंकवाद र बाहय खतराबारे भारतको प्रतिक्रियाको निम्ति निर्णायक कार्यविधि निर्धारित गर्दछ।

मोदी सिद्धान्तका तीनवटा स्तम्भहरु छन् पहिलो र प्रमुख स्तम्भमा आतंकवादी घटनाहरुको जवाफ र प्रतिकार भारतकै शर्त अनुसार हुनेछ । निर्णायक जवाफ अथवा प्रतिकार गर्ने अधिकार भारतमै निहित हुनेछ । भारतले आतंकवादको जडोलाई नै समाप्त पार्न कठोर कारवाही गर्नेछ र यस कुराको पनि सुनिश्चितता गर्नेछ कि भारत माथि आतंकवादी हमला गर्ने, हमलाको योजना बनाउने र उनीहरुलाई प्रशिक्षण दिने, शरण दिने र आर्थिक शरण दिनेहरु (प्रायोजक) लाई तिनको कृत्यको सजाय पाउने व्यवस्था पनि सुनिश्चित गरिनेछ।

मोदीको दोश्रो सिद्धान्तमा परमाणु हतियारको धम्की दिने प्रयासमाथि कठोर प्रहार र शुन्य सहनशिलता । यसको सोझो अर्थ कि पाकिस्तान पनि आणविक शक्ति सम्पन्न राष्ट्र हो र यसले पनि भारतमाथि परमाणु अस्त्रको प्रहार गरी भारतलाई धन जनको ठुलो क्षति पुर्‍याउन सक्नेछ भने धम्कीबाट भारत डराउनेवाला छेन । परमाणु हतियारको आवरणमा आतंकवादी कृत्यलाई महत्व दिने, प्राथमिकता दिने अथवा प्रोत्साहन दिने पाकिस्तानको धम्कीलाई यसपालि भारतले खासै महत्व दिएको छेन । परमाणु हतियारको आवरणमा आतंकवादको बचाउ गर्ने कुनै पनि प्रयासको समुचित जवाफ भारतले तत्कालै फर्काउनेछ।

मोदीको तेश्रो सिद्धान्तमा प्रष्ट पारिएको छ कि आतंकवादीहरु र तिनका प्रायोजकको सम्बन्धलाई पृथक–पृथक रुपमा विश्लेषण गरिने छैन । दुवैलाई एक अर्काको पर्याय ठानी तत्कालै कारवाही थालिनेछ । आतंकवाद सम्बन्धी कुनै पनि किसिमको घटनाको लागि अब आतंकवादी मात्रै होईन तिनका समर्थकहरुलाई पनि एक समान नै दोषी मानिनेछन् । आतंकवाद विरोधी मोदीको नयाँ सिद्धान्तमा यो पनि प्रष्ट पारिएको छ कि आतंकवादीहरुलाई शरण दिने तिनलाई आर्थिक सहयोग र अनुदान दिने अथवा तिनलाई अर्थ संग्रहमा सहयोग गर्नेहरु पनि एक किसिमकै दोषी मानिनेछन् । सबैसित आतंकवादीहरु सरहकै व्यवहार गरिनेछ।

मोदीले यो पनि भनेका छन् की आतंकवादलाई समर्थन गर्ने र त्यसलाई बढावा दिने राष्ट्रहरु अन्ततः आफनै सर्वनाश गर्नेछन् । हुन पनि आतंकवादीहरु त सर्प जस्तै हुन्छन्, जति दुध पिलाए पनि एक दिन त आखिर मालिकलाई पनि डस्छ नै । मोदीले यो पनि भनेका छन् की आतंकको विरुद्धमा उनको नयाँ सिद्धान्त राष्ट्रिय सुरक्षा प्रति भारतको दृष्टिकोण र महत्वपूर्ण परिवर्तनलाई दर्शाउँछ साथै ठोस एवं दृढ अडानको नजीरलाई पनि प्रस्तुत गर्दछ । भारत आफ्नो नागरिकको सुरक्षाका लागि प्रतिबद्ध छ र अब यसको पनि सुनिश्चितता चाहन्छ कि भारतको सम्प्रभुतामाथि कुनै पनि किसिमको सम्झौता नहोस्।

मोदीले यो पनि प्रष्ट पारेका छन् की अब आतंकवादको सम्बन्धमा भारतको पुरानो नीति रहने छैन । हुन त यो पहिलो पटक यस्तो कारवाही भएको छैन । सन् २०१६ मा पनि प्रधानमन्त्री मोदी नेतृत्वको सरकारको पालामा पाकिस्तानको बालाकोटमा भारतले सर्जिकल स्ट्राईक गरेको थियो । अपरेसन सिन्दुर पनि भारतले आतंक विरुद्ध गरेको द्रुत र निर्णायक कारवाहीको सिद्धान्त थियो । यसमा प्रत्येक पाईलाले नयाँ नयाँ मापदण्ड स्थापित गर्दै गयो र भारतलाई उक्साउने वा जिस्क्याउन खोजेमा भारतले सटिक कारवाही गर्ने संकल्पलाई पनि प्रदर्शित गरेको छ । बालाकोट देखि लिएर अपरेसन सिन्दुर सम्मको मात्रा यसैको गाथा हो।

यसपालि भारतले प्रष्ट सन्देश दिएको छ कि आतंक र व्यापार सँग सँगै जान सक्दैन, अटारी वाधा सीमा बन्द हुनु यसैको संकेत थियो । द्धीपक्षीय व्यापारलाई निलम्वित गरिएको छ । पाकिस्तानीहरुको भिसा रद्द गरिएका छन् । सिन्धुजल सन्धी माथि रोक लगाईएको छ । आतंकवादको समर्थन गर्नु भनेको आर्थिक र कुटनीतिक रुपमा ठुलो मूल्य चुकाउनु हो । पहलगाम नरसंहारको विरुद्धमा भारतको प्रतिक्रिया संयमित र नियमानुकुल थियो । अपरेसन सिन्दुर हिन्दु महिलाको आत्मसम्मान स्वाभिमान, गौरव र सौभाग्यको प्रतिक हो । त्यसमाथि प्रहार गर्न खोज्नेले सजाय त भोग्नै पर्छ।

भारतका प्रधानमन्त्री मोदीले पहलगाम नरसंहार पछि पाकिस्तानलाई चारैतिरबाट घेर्ने नीति अघि सारे, जस अन्तर्गत सिन्धु जल सन्धीलाई निलिम्वत गर्नु देखि लिएर द्धीपक्षीय व्यापार एवं आवागमन रोक तथा आतंकवादी शिविरमाथि प्रहार गर्नु थियो । प्रत्येक पाईला सावधानीपूर्वक र योजनाबद्ध र समयबद्ध तरिकाले चालिएको थियो । यस सन्दर्भमा भारतले उत्तेजनामा कारवाही गर्नुको सट्टा रणनीतिक रुपमा ठोस कारवाही गर्ने मार्गलाई रोजेको थियो । यसले गर्दा पाकिस्तान र आतंकी समुहले भारतको प्रतिक्रियाको अनुमान लगाउन सकेन, फलस्वरुप अपरेसन सिन्धुर आश्चर्यजनक सटिकता र पूर्ण प्रभावका साथ आफ्नो परिणामलाई पूर्णता प्रदान गर्न सकेको थियो।

मोदीले आफ्नो सम्वोधनमा भनेका पनि थिए कि अपरेसन सिन्दुर अब आतंकवाद विरुद्धको लडाईमा भारतको औपचारिक नीति बन्न गएको छ । नयाँ सामान्य स्थितिको परिमानक हो अपरेसन सिन्दुर । एक किसिमले यसलाई भारतको रणनीतिक दृष्टिकोणमा निर्णायक परिवर्तनको प्रतिकको रुपमा पनि लिन सकिन्छ । प्रधानमन्त्री मोदीले आफ्नो सम्वोधनमा यो पनि भने कि अपरेसन सिन्दुर एउटा नाम मात्रै होईन, अपितु यो देशका लाखौं नागरिकका भावनाहरुको प्रतिविम्व पनि हो । यसको माध्यमबाट विश्वलाई भारतको तर्फबाट एउटा सन्देश दिने काम भयो कि बर्बरताको मुकामिला सन्तुलित र समर्थन दिने तथा आफु परमाणु शक्ति सम्पन्न राष्ट्र हो भन्ने धम्की दिनुको नीति अब चल्नेवाला छैन।

भारतले चलाएको अपरेसन सिन्दुरलाई पाकिस्तानका लेखक एवं वरिष्ठ पत्रकार हामिद मीरले २०० प्रतिशत सफल बताएका छन् भने अष्ट्रेलियाली विद्धान तथा अन्तर्राष्ट्रिय सामरिक मामिलाका विशेषज्ञ टोम कुपरले पनि यस युद्धमा भारतको एक तर्फी जीत भएको दावी गरेका छन् । अमेरिकी रक्षा मुख्यालय पेन्टागनका पूर्व अधिकार माईकल रुबिनले पाकिस्तान प्रति व्यग्य गर्दै आरोप लगाएका छन् की पाकिस्तानको अवस्था डराएको त्यस कुकुरको जस्तो भएको छ, जो आफ्नो टाङ्ग (खुट्टा) मुनि आफ्नो पुच्छर लुकाएर हिडिरहेको छ । पाकिस्तानका अन्य विशेषज्ञहरुले पनि अपरेसन सिन्धुरलाई सफल बताएका छन् । प्रधानमन्त्ती मोदकिो पाकिस्तानमा आतंकवादी लुक्ने ठाउँ र उनीहरुका हवाईअड्डाहरु मात्रै ध्वस्त भएका छैनन् । उनीहरुको मनसाय र दुस्साहस पनि परासत भएको टिप्पणी गरेका छन् । मोदीले आदमपुरको एयरवेस क्याम्प पुगी पाकिस्तानको दावीलाई झुठो सावित गरिदिएका छन् । एक जना पाकिस्तानी युट्युबरले आफ्नो सेनाले पटनाको समुद्री बन्दरगाहलाई ध्वस्त पारेको आरोप लगाएका छन् । जबकी विहारसित समुद्रको कुनै सिमाना नै छैन । भारतको नयाँ नीतिलाई आक्रामक नीतिको संज्ञा दिन सकिन्छ।

# सांस्कृतिक समानताले सुदृढ नेपाल–भारत सम्बन्ध



शैलेन्द्रकुमार श्रेष्ठ

*नेपाल तपोभूमि, देवभूमि र सनातन संस्कृतिको सञ्चयक भूमि, एक यस्तो पवित्र भूमि हो, जहाँ धर्मको सुवास पाइन्छ, जहाँ प्रत्येक कणमा तपस्याको ऊर्जा बग्दछ । यही भूमि हो, जहाँ पशुपतिनाथ, मुक्तिनाथ, जनकपुरधाम, बराहक्षेत्र, रामधुनी, हलेसी महादेव, दन्तकाली, दक्षिणकाली, बडीमालिका, गोसाइँकुण्ड, दामोदरकुण्ड, लुम्बिनी, देवघाट, गण्डकी नदीको किनारमा रहेको त्रिवेणीघाट वाल्मीकि आश्रम तथा लवकुश क्षेत्र, त्रिशूली र कौशिकी नदीजस्ता अनगिन्ती तीर्थस्थल र थुप्रै पवित्र नदीनालाहरू अवस्थित छन् । यी तीर्थहरूले नेपाललाई केबल भौगोलिक रूपमा मात्र होइन, आध्यात्मिक दृष्टिले पनि तपोभूमि, देवभूमि र पुण्यस्थलको रूपमा चिनाएका छन् । यो भूमि भगवान् शिव, विष्णु, राम, बुद्ध र असङ्ख्य ऋषिमुनिहरूको तपोस्थल हो । धार्मिक ग्रन्थहरूले नेपालस्थित तीर्थहरूको विशेष महिमा गाएका छन्ः*

‘काश्यां तु मरणं मुक्तिः पशुपत्यां तु दुर्लभा“ (स्कन्द पुराण, काशी खण्ड) “मुक्तिनाथो बदर्यस्तु शालग्राम शिला तथा’ गरुड पुराण, पूर्व खण्ड, अध्याय १६) ‘पुर रम्यता राम जब देखि । हरषे अनुज समुझि बिसेषी ॥’ (रामचरितमानस, बालकाण्ड, दोहा २१२) यी शास्त्रीय प्रमाणहरूले नेपालको अध्यात्मिक गरिमा र गौरवलाई पुष्टि गर्छन् जगतगुरु महायोगी सिद्धबाबाको योगदान र नेपालको आध्यात्मिक पुनर्जागरण सगरमाथाको काखमा जन्मनुभएका महायोगी सिद्धबाबाले बाल्यकालमै गृहत्याग गरी भौतिक विज्ञानअन्तर्गत हिमालयका वनस्पतिको द्रव्य गुणमा विद्यावारिधि समेत गर्नुभएको छ, उहाँ नाडी एवं खगोल विज्ञानमा पनि निस्णात हुनुहुन्छ । संस्थागत संलग्नतामा उहाँ जगतगुरु रामानन्दचार्य सेवा पेट चतराका संस्थापक एवं पिठाधीश महायोगी सिद्धबाबा आध्यात्मिक प्रतिष्ठान भक्तपुरको संस्थापक एवं आजीवन अध्यक्ष द हिमालयन पाशुपत सिद्ध महायोग वटावा क्यानाडा र महायोगी सिद्धबाबा अध्यात्मिक प्रतिष्ठान बेलायतका प्रमुख संरक्षकका साथै देश विदेशमा रहेका अन्य दर्जनौँ संस्थामा प्रमुख संरक्षक सल्लाहकार आदि जस्ता भूमिकामा सम्बद्ध हुनुहुन्छ।

नेपाल जननीका बरद पुत्र रत्न समाधि सिद्ध त्रिदण्डी स्वामी, तारकब्रह्म पीठाधीश्वर, अनन्त श्रीविभूषित, जगतगुरु श्री रामानन्द आचार्य स्वामी रामकृष्णचार्य महायोगी सिद्धबाबाले बाल्यकालमै गृहत्याग गरी हिमालय खण्डदेखि मरुभूमिसम्मको कठिन वातावरणमा घोर तपस्या गर्नुभयो । उहाँले ‘सुरत–शब्द योग’ (जसलाई पाशुपतसिद्ध महायोग वा हिमालयन सिद्धयोग पनि भनिन्छ) प्राप्त गर्नुभयो । यो योग मार्ग सम्पूर्ण मानवताका लागि जात, धर्म, लिङ्ग र सीमाभन्दा माथि उठेर आत्म–साक्षात्कारको मार्ग हो।

गुरुदेवले २०६३ सालदेखि नेपालकै पवित्रस्थल बराहक्षेत्रमा रही सनातन वैदिक धर्मको पुनर्जागरण र आध्यात्मिक चेतनाको संरक्षणमा आफूलाई समर्पित गर्नुभएको छ । आज उहाँको प्रभाव नेपाल र भारतमा मात्र सीमित नरही अमेरिका, अष्ट्रेलिया, युरोपजस्ता देशहरूमा समेत फैलिसकेको छ । २०७२ चैत २६ गतेदेखि २०७३ वैशाख ३ गतेसम्म पोखरास्थित रामघाटमा सञ्चारकर्मी, सरकारी चिकित्सक सुरक्षा निकाय, वरिष्ठ राजनीतिक व्यक्तित्व बुद्धिजीवी प्रतिष्ठित व्यक्तित्वलगायत लाखौँ श्रद्धालुको उपस्थितिमा गुरुदेवले नौ दिनसम्म लिइसकेको जीवित भू–समाधि आधुनिक विज्ञानका लागि पनि अचम्मको विषय बन्यो । जिम्मेवार भुसमाधि व्यवस्थापक तथा सञ्चारकर्मी पत्रकारहरू समेतको उपस्थितिमा काठको बाकसभित्र उत्तानो सुती ढोका बन्द गरी बाकसभित्रको चार ढोकामा ताल्चा लगाई उक्त काठको बाकसलाई प्लास्टिकले बेरेर माथिबाट माटोले पुरी माटोको ढिस्को जस्तो थुप्रोमा पानी छर्की जौ छरियो । नौ दिनसम्म अन्न, जल र अक्सिजन बिना समाधिमा बसेर जीवितै बाहिर निस्कन सक्ने शक्ति केवल वैदिक योग, आत्मबल र सिद्धताको जीवन्त प्रमाण हो । यस प्रकार सद्गुरुदेवले सनातन हिन्दू धर्मका हाम्रा अग्रज ऋषिमुनिहरूमा रहेको समाधिसिद्ध क्षमताको सप्रमाण प्रतिनिधित्व गरी वैदिक सनातनभित्र रहेको योग र साधनामा रहेको शक्ति संसारसामु उजगार गर्दै आध्यात्मिक पुनर्जागरण अभियानमा नवीनतम् चेतना जागृत गराइदिनु भई अन्तरराष्ट्रियस्तरमै नेपालको अध्यात्मिक गौरव र गरिमालाई सगरमाथा उचाइमा पुर्‍याइ दिनुभएको छ।

एक ऐतिहासिक अवसर यही दिव्यता र तपस्याको उच्चतम उदाहरण बनेका गुरुदेव महायोगी सिद्धबाबालाई भारतको श्रीराम जन्मभूमि अयोध्याधामस्थित श्री मणिरामदास छावनी, जुन युगौँदेखि वैष्णव परम्पराको महान केन्द्र रहँदै आएको छ, उक्त केन्द्रबाट प्रमुख अतिथि तथा प्रमुख सत्सङ्ग वाचकका रूपमा आमन्त्रित गरिएको छ । सन् २०२५ जुन १–१० सम्म परम पूज्य महन्त श्री नृत्य गोपाल दासजी महाराजको ८७ औँ प्राकट्य दिवसका अवसरमा आयोजना हुने यस भव्य आध्यात्मिक महोत्सवमा भारतभरिका शङ्कराचार्य, महात्मा, मुख्यमन्त्री, मन्त्रीहरू, राष्ट्रसेवकहरू र लाखौँ श्रद्धालुको उपस्थिति रहनेछ।

दूरदर्शनमार्फत करोडौँ जनसमुदायले हेर्ने यो समारोह नेपालको वैदिक पहिचान र आध्यात्मिक गरिमाको अन्तरराष्ट्रिय सम्मान हो । परम पूज्य महायोगी सद्गुरुदेवलाई गरिएको यो गौरवशाली निमन्त्रणाले नेपाल–भारत सम्बन्धलाई केवल सामाजिक वा भौगोलिक नभई आध्यात्मिक र सांस्कृतिक आत्मियताको सूत्रमा थप बलियो बनाउने विश्वास दिलाउँछ।

जनकपुर–अयोध्या, पशुपति–काशी, मुक्तिनाथ–बद्रीनाथ, अमरनाथ, रामेश्वरम र तिरुपति– बराहा क्षेत्र चतराधाम र लुम्बिनीजस्ता सम्बन्धहरूले हाम्रो साझा सनातन सम्पदालाई बलियो बनाएका छन्।

**धार्मिक पर्यटनमार्फत समृद्धिको सम्भावना**

वर्तमान समयमा धार्मिक र आध्यात्मिक तीर्थयात्राको महत्त्व बढ्दै गएको विभिन्न उदाहरणहरूले देखाउँछन् । धार्मिक तीर्थयात्रीहरू नेपाल र भारतबाट छिमेकी राष्ट्र चीनको कैलाश पर्वतमा दर्शनार्थ जाने श्रद्धालुहरूको सङ्ख्या बढ्दो क्रममा रहेको तथ्याङ्कले देखाउँछ।

त्यसैगरी भारतमा हुने कुम्भमेलामा नेपाललगायत देश–विदेशबाट जम्मा हुने करोडौंको संख्यामा पर्यटकले धार्मिक पर्यटनको महत्व उजागर गरिरहेका छन् । यस्तै श्रीराम जन्मभूमि अयोध्यामा २०८० सालको जनवरीमा राममन्दिर उद्घाटनपछि वार्षिक दुई करोड २१ करोड पर्यटक सङ्ख्या बढेर अहिले दैनिक नै एक लाख ५० लाख पुगेको तथ्याङ्कले धार्मिक पर्यटनको महत्व र त्यसबाट राष्ट्रलाई प्राप्त हुने आर्थिक समृद्धिको जलन्त उदाहरण प्रस्तुत गर्दछ । त्यसैले नेपालको महायोगी सिद्ध बाबालाई प्राप्त ऐतिहासिक निमन्त्रणालाई देवभूमि र तपोभूमिका रूपमा आफ्नो मौलिक पहिचानलाई विश्वसमक्ष प्रस्तुत गर्ने अवसरको रूपमा सदुपयोग गर्दै धार्मिक तथा अध्यात्मिक पर्यटनको सम्भावनालाई योजनाबद्ध व्यवस्थापनद्वारा आर्थिक समृद्धिको महत्वपूर्ण स्तम्भको रूपमा विकास गर्न सक्नु पर्दछ।

सन् २०१८ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मुक्तिनाथ मन्दिर भ्रमणपश्चात् भारतीय धार्मिक पर्यटकहरूको उल्लेख्य वृद्धि भएको थियो । सद्गुरुदेवको अयोध्यामा हुने १० दिने दिव्य र भव्य कार्यक्रममा मुख्य अतिथिको रूपमा हुने गरिमामय सहभागितापछि नेपाल र भारत दुवै देशबाट धार्मिक तथा आध्यात्मिक तीर्थयात्राको आदान–प्रदान अझै ठूलो मात्रामा बढ्ने आशा गर्न सकिन्छ । भारतजस्तो विशाल जनसङ्ख्या भएको देशबाट थोरै प्रतिशत मात्र धार्मिक पर्यटक नेपाल आएका खण्डमा पनि यसले नेपालको आर्थिक समृद्धिमा ठूलो टेवा पुर्‍याउनेछ।

**नेपाल–भारतः साझा सनातन सम्पदाका वाहक**

वैदिक सनातन धर्मको रक्षा, सम्बद्र्धन र प्रवद्र्धनका दुई प्रमुख वारिस नेपाल र भारतको धार्मिक समागमले हामी सबैलाई स्मरण गराउँछ कि हाम्रो आस्थाका देवीदेवता र तीर्थस्थलहरू साझा धार्मिक सम्पदा हुन् । यस प्राकट्य महोत्सवमा सञ्चालन हुने धार्मिक कार्यक्रमको सत्सङ्गमार्फत सद्गुरुदेवद्वारा समस्त सनातनी आमजनमानसमा यो भावना उजागर गरिने अपेक्षा गरिएको छ, जसले नेपालको धार्मिक पर्यटन प्रवद्र्धनमा उल्लेखनीय टेवा पुर्‍याउनेछ । वर्तमान परिप्रेक्ष्यमा मित्रराष्ट्र भारतका धार्मिक पर्यटकहरू वृद्धि भइरहेको अवस्थामा नेपालका पवित्र तीर्थस्थलहरू पशुपतिनाथ, जनकपुर, लुम्बिनी, मुक्तिनाथ, रामधुनी, गोसाइँकुण्ड, दामोदरकुण्डलाई केन्द्र बनाएर महायोग शिविर, गुरुकुल शिक्षा, बौद्ध परिपथ (लुम्बिनी–बोधगया–सारनाथ–कुशीनगर) र रामायण परिपथजस्ता धार्मिक तथा अध्यात्मिक विकासका गतिविधिलाई संयुक्त पहलद्वारा अन्तरराष्ट्रिय आध्यात्मिक पर्यटन, सांस्कृतिक आदानप्रदान तथा पूर्वाधार विकासलाई प्रवद्र्धन गर्ने प्रयासमा सद्गुरुदेवको अयोध्यामा प्रमुख अतिथिको रूपमा हुने ऐतिहासिक सहभागिताले उचित वातावरण निर्माण गर्नुका साथै थप बल पुर्‍याउने आशा पनि गर्न सकिन्छ । यसबाट पर्यटन, होटल, यातायात, कृषि, हस्तकला, सांस्कृतिक कार्यक्रम र धार्मिक सामग्रीका क्षेत्रमा रोजगारी सिर्जना हुँदै उद्यमशीलताको वातावरण विकास हुनेछ।

**निष्कर्ष**

हामी सबै नेपालीले गर्वपूर्वक स्वीकार गर्नुपर्छ कि सद्गुरुदेव महायोगी सिद्धबाबा देशभक्त राष्ट्रप्रेमी नेपाल जननीका बरद पुत्र रत्नका रूपमा पाउनु सम्पूर्ण नेपालीको सौभाग्य हो । गुरुदेवजस्ता सिद्ध पुरुषको हाम्रो माटोमा जन्म, तपस्याबाट प्राप्त ब्रह्मज्ञान, समाज, राष्ट्र र मानवताको कल्याणमा समर्पण तथा वैदिक सनातन संस्कृतिको संरक्षण र पुनर्जागरणमा पुर्‍याउनु भएको योगदानलाई केबल धार्मिक वा आध्यात्मिक दृष्टिले मात्र नभई मानव कल्याण तथा राष्ट्र निर्माण र समृद्धिको लागि गरिएको प्रयासको रूपमा हेर्नुपर्छ । हामी सबैले गुरुदेवले देखाउनुभएको अध्यात्मिक मार्गदर्शनमा अगाडि बढ्नु आजको आवश्यकता हो, जसले नेपालको उज्ज्वल भविष्य सुनिश्चित गर्दछ।

धार्मिक पर्यटनको विकासद्वारा युवाहरूलाई वैदेशिक पलायनबाट जोगाउँदै स्वदेशमै रोजगारीको अवसर प्रदान गर्ने, समाजमा आत्मनिर्भरता बढाउने र आर्थिक समृद्धिको बाटो खोल्न सकिन्छ । अतः अयोध्याधामको निमन्त्रणालाई एक ऐतिहासिक अवसरको रूपमा सदुपयोग गरी धार्मिक पर्यटन प्रवद्र्धन र व्यवस्थापनलाई राष्ट्रिय रणनीति बनाएर, हामी सबै एकजुट भई राष्ट्रिय अभियानका रूपमा अगाडि बढाउँ, समृद्ध नेपाल निर्माणतर्फको यात्रा सुरु गरौँ । रासस

# बागमती प्रदेशसभाः बजेटको सिद्धान्त र प्राथमिकतामाथि छलफल प्रारम्भ

**बागमती ।**
बागमती प्रदेशसभामा बुधवार देखि आगामी आर्थिक वर्ष २०८२/८३ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथि छलफल प्रारम्भ भएको छ ।

आजको बैठकमा प्रदेशसभाका सांसदहरूले प्रदेश सरकारद्वारा प्रस्तुत आगामी आव २०८२/८३ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सन्र्दभमा धारणा राखेका छन ।

मङ्गलबार बसेको बैठकमा आन्तरिक मामिला तथा योजनामन्त्री कुन्दराज काफ्ले आगामी आवको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेका थिए ।

आजको बैठकमा सांसदहरूले नागरिकको जीवनमा सकारात्मक परिवर्तन आउने र प्रदेशलाई समृद्ध बनाउन ठोस् आधारसहितको बजेट ल्याउनुपर्नेमा जोड दिए ।

आगामी नीति, कार्यक्रम र बजेट जनताको इच्छा, चाहना सम्बोधन हुने किसिमको, स्वदेशमा रोजगारी सृजना हुने किसिमको हुनुपर्नेमा जोड दिँदै सांसदहरूले कृषि, उद्योग, वन, पर्यटक प्रवद्र्धनलगायत विषयलाई आगामी बजेटमा प्राथमिकता दिनुपर्ने सुझाव दिए ।

आजको बैठकमा भारतीकुमारी पाठक, उर्मिला सुनुवार, ठाकुरप्रसाद ढकाल, सृजना सैजु, डा दिनेशचन्द्र देवकोटा, सुरेन्द्रराज गोसाईं, आनन्दकुमार श्रेष्ठ, ईश्वर सापकोटा, गीता काफ्ले, केशवप्रसाद पोखरेल, मातृकाप्रसाद भट्टराई, प्रभात तामाङ, छिरिङ दोर्जे लामा, भरतबहादुर केसीलगायत सांसदले सरकारद्वारा प्रस्तुत आगामी आवको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमाथि धारणा राखे ।

प्रदेशसभाको अर्को बैठक बिहिवार बिहान ११.०० बजे बस्ने गरी आजको बैठक सकिएको छ ।रासस

# हुम्लाको लिमीमा पहिरोबाट विस्थापित भएकालाई स्थानान्तरण गर्न माग

**काठमाडौँ ।**
राष्ट्रियसभाको बुधवारको बैठकमा सांसद रेणु चन्दले हुम्लाको लिमी उपत्यकामा गएको पहिरोका बारेमा सरकार बेखबर भएको टिप्पणी गर्दै सो पहिरोबाट विस्थापित भएका नागरिकको यथाशीघ्र सुरक्षित स्थानमा पुनःस्थापना गर्न माग गरेका छन ।

बैठकको विशेष समयमा उनले पीडित जनतालाई तत्काल राहत उपलब्ध गराउन र सुरक्षित स्थानमा बसोबासको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराए ।

‘हुम्लाको नाम्खा गाउँपालिका–६ स्थित तिलगाउँमा हिमपहिरोले सिङ्गो बस्ती जोखिममा छ, १८ परिवार घर छाडेर पालमुनि बसेका छन्, सरकार अहिलेसम्म पुगेको छैन । सरकारको उपस्थिति र राहत प्राप्त गर्नलाई काठमाडौँमै बाढीपहिरो आउनुपर्ने हो ?’, उनले प्रश्न गरे ।

सांसद चन्दले विपद् व्यवस्थापनको कार्यक्रम, पूर्वतयारी तथा बजेटलगायत बारेमा सदनलाई जानकारी गराउन माग गरे । उनले समयमै विपद् पूर्वतयारीमा ध्यान दिन सुझाव दिए ।

सांसद भगवती न्यौपानेले यही जेठ पहिलो साता राजधानीमा आयोजित सगरमाथा संवादबाट नेपालले अन्तरराष्ट्रियस्तरमा आफ्नो छवि उँचो बनाएको जनाउँदै आगामी दिनमा पनि यसखालका संवादलाई निरन्तरता दिनुपर्नेमा जोड दिईन ।

सांसद पूजा चौधरीले वैदेशिक रोजगारीबाट फर्केका युवालाई उद्यमशील बनाउन उचित वातावरण बनाउनुपर्नेमा जोड दिईन । उनले हुलाकी राजमार्गमा अलपत्र परेको पुलको निर्माण र बाढी पहिरोले क्षतिग्रस्त भौतिक पूर्वाधार निर्माण गर्न सुझाव दिए ।

सांसद गङ्गाकुमारी बेल्वासेले राष्ट्रिय अर्थतन्त्रको सबलीकरणका लागि कृषि र पर्यटना उच्च प्राथमिकता दिन आग्रह गर्दै गाँजा खेतीलाई प्रवद्र्धन गर्न सरकारलाई सुझाव दिए । सांसद विष्णुदेवी पुडासैनीले स्वास्थ्य, शिक्षालगायत मौलिक हकको सुनिश्चितता गर्न सरकारको ध्यानाकर्षण गराए ।रासस


## श्री मिथिला माध्यमिक विद्यालय कचुरी

**मिथिला बिहारी न.पा.-८, जिल्ला-धनुषा, नेपाल**
**स्थापित २०३६ साल**
**विषय :- विज्ञापन सम्बन्धमा ।**

श्री सम्बन्धित सरोकारवालाज्युहरु सबै
प्रस्तुत् विषयमा मिथिला विहारी नगरपालिकाको कार्यालय तारापट्टी, धनुषाको च.नं. १३२१ मिति २०८१/१२/०५ को पत्रबाट विद्यालय कर्मचारी करारमा पदपुर्ती गर्न दिएको अनुमति पत्र र च.नं. १६११ मिति २०८२/०१/३० को पत्रबाट शिक्षण सहयोग अनुदानमा शिक्षक पदपूर्तिको लागि दिएको अनुमति पत्र र यस विद्यालयको वि.व्य.स.को मिति २०८२/०२/०४ गतेको बैठकको निर्णयानुसार खुल्ला प्रतियोगितात्मक परीक्षाको माध्यम द्वारा तपसिल बमोजिमको विद्यालय कर्मचारी र शिक्षक करारमा पदपुर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य उम्मेदवारहरुले तोकिएको दरखास्त फारम भरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्द्र) दिन भित्र विद्यालयमा दरखास्त पेश गर्नुहुन् यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषयः | संख्या | नियुक्तिको किसिम | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १. | ०३/०८१/०८२ | विद्यालय कर्मचारी | | | १ | | मान्यता प्राप्त शिक्षण संस्था बाट माध्यमिक शिक्षा उतिर्ण वा सो सरहको परिक्षामा उतिर्ण भएको |
| २. | ०४/०८१/०८२ | शिक्षक | माध्यमिक | गणित | १ | करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषयमा स्नातक तह वा सो सरह उतिर्ण भएको |

**संलगन गर्नुपर्ने कागजातहरु**
(क) तोकिएको दरखास्त फारम
.(ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
(ग) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि
घ) स्थायी अध्यापन अनुमति पत्रको ( प्रतिलिपि (शिक्षकको हकमा मात्र)
(३) परीक्षाको किसिंमः लिखित र मौखिक (आवश्यक परेमा मात्र प्रयोगात्मक)
(च) दस्तुर : -NIMB बैंकमा रहेको विद्यालयको खाता नं. ११२०१०५००२०७४९ मा विद्यालय कर्मचारीको हकमा रु.१००० (एक हजार) र शिक्षकको हकमा रु.१५०० (एक हजार पाँच सय) जम्मा गरेको सक्कल भौचर
(छ) उमेर:-१८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको (ज) तलव स्केल: नेपाल सरकारको नियमानुसार
(झ) परीक्षाको मिति र केन्द्र सम्पर्क मितिमा तोकिने छ ।
(२) सम्पर्क मिति : २०८२/०२/२२

**अध्यक्ष**
**विद्यालय व्यवस्थापन समिति**
सम्पर्क नं. ९८१८८३३१४०

**प्रधानाध्यापक**
**रामविलास यादव**
सम्पर्क नं.- ९८०१६७१६०१


# हलेसी तुवाचुङका जनप्रतिनिधिद्वारा पर्यटन प्रवर्द्धनमा जोड

**खोटाङ ।**
यहाँको हलेसी तुवाचुङ नगरपालिकाका जनप्रतिनिधिले आफ्नो तीनवर्षे कार्यकालका मुख्य उपलब्धिहरू सार्वजनिक गरेका छन् । जनताबाट निर्वाचित भएर कार्यभार सम्हालेको तीनवर्षे कार्यकाल पूरा भएको अवसरमा नगरपालिकाद्वारा आयोजित कार्यक्रममा जनप्रतिनिधिले मुख्य उपलब्धिहरू सार्वजनिक गरेका हुन् ।



कार्यक्रममा जनताका आधारभूत मागलाई सम्बोधन गर्दै आगामी दिनमा पर्यटकीय गन्तव्यको संरक्षण र प्रवद्र्धनका आआयोजना बनाइएको नगर प्रवक्ता कमल गिरीले जानकारी दिए ।

उनका अनुसार भौतिक पूर्वाधार निर्माणलाई पहिलो प्राथमिकता दिएको नगरपालिकाले तीनवर्षको अवधिमा ९२ किलोमिटर नयाँ सडक निर्माण गरेको छ । नगरभित्रका ११ वटै वडामा निर्माण गरिएका सडकमध्ये दुई हजार ५०० मिटर ढलान तथा पाँच सय १२ किमी स्तरोन्नति गरेर बाह्रै महिना सञ्चालनमा ल्याइएको छ ।

नगरभित्रका आठ वटा वडाका पक्की कार्यालय निर्माण सम्पन्न गरेर सञ्चालनमा ल्याइएको छ । हलेसी तुवाचुङ–७ का वडाध्यक्ष समेत रहनुभएका नगर प्रवक्ता गिरीले वडा नं ५ दुर्छिममा जग्गा विवादका कारण निर्माण सुरु नभएको जनाउँदै वडा नं ९ सल्ले र वडा नं ११ राजापानीमा भवन निर्माण अन्तिम चरणमा पुगेको उल्लेख गरे ।

खानेपानी तथा सिँचाइका क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरिएको कार्यक्रममा सार्वजनिक गरिएको वृत्तचित्रमा जानकारी दिइएको छ । खानेपानीअन्तर्गत लोचाखोला, सहरबोटे मुहान, जुकेखोला लिफ्टिङ आआयोजना सञ्चालन गरिएको छभने बृहत् हलेसी लिफ्टिङ आआयोजना निर्माण अन्तिम चरणमा पुगेको नगर कार्यालयले जनाएको छ ।

सिँचाइ तथा पानीका मुहान रिचार्जका लागि नगरभित्र दुई सय ३० वटा पोखरी निर्माण गरेर सञ्चालनमा ल्याइएको नगर प्रवक्ता गिरीले बताए ।

घोपाटार माझीगाउँ सिँचाइ, दुधकोशी–हात्तीटार लिफ्ट सिँचाइ, टिमुरे लिफ्ट सिँचाइ, कुर्ले–रुपाटार सिँचाइलगायत २१ वटा आआयोजना सञ्चालनमा ल्याइएको उनले जानकारी दिए ।

‘नगरभित्र सञ्चालित ९० वटा सामुदायिक तथा निजी विद्यालयमध्ये २६ मा नयाँ आरसिसी भवन निर्माण सम्पन्न गरेर सञ्चालनमा ल्याइएको छ । शैक्षिक क्षेत्रको गुणस्तर सुधार अभियानमा लागेको नगरले बाल विकास केन्द्रदेखि कक्षा १२ सम्म पूर्ण रुपमा निःशुल्क शिक्षा लागू गरेको छ’ गिरीले भने ।

उनका अनुसार स्वास्थ्य क्षेत्रको सुधार तथा स्तरोन्नतिअन्तर्गत पाँच श्ययाको नगर आधारभूत अस्पताल सञ्चालन, ११ वटै वडामा बर्थिङ सेन्टरसहितको स्वास्थ्य सेवा प्रवाह, नगर आधारभूत अस्पतालमा २४सैँ घण्टा सेवा, गरिब, दलित र गर्भवतीका लागि निःशुल्क एम्बुलेन्सलगायत काम गरिएको छ । सङ्घीय सरकारको अनुदानमा निर्माण सुरु गरिएको १५ श्ययाको नगर आधारभूत अस्पताललाई तीव्रता दिइएको उनले बताए ।

नगरवासीको जीविकोपार्जन कार्यक्रमअन्तर्गत कृषकलाई १०० वटा भैँसी वितरण, बाख्रा तथा सुँगुरको पाठा वितरण, सुन्तला, तरकारी, केरा र लिची पकेट क्षेत्र घोषणा गरेर प्रवद्र्धन सुरु गरिएको नगर प्रवक्ता गिरीले उल्लेख गरे । उनका अनुसार ढाकाका कपडा तथा दुनाटपरी उद्योग, कृषि मार्ट सञ्चालन, रैथानेबाली प्रवद्र्धन, उद्यम गर्न चाहनेका लागि ब्याज अनुदानलगायत कार्यक्रम सञ्चालन गरिएका छन् ।

पर्यटन प्रवद्र्धनअन्तर्गत हिन्दू, बौद्ध र किरात धर्मावलम्बीको सङ्गमस्थल हलेसी, किरात समुदायको उद्गमस्थल तुवाचुङ–जायजुम, बुङालुङ पार्क (ढुङ्गे बगैँचा उद्यान), मञ्जुश्री गुफा, सल्लेपोखरी, भुम्जुडाँडालगायत २६ वटा धार्मिकस्थलको स्तरोन्नति, होमस्टे (घरबास) सञ्चालन, पर्यटक गाइड (पथ प्रदर्शक) उत्पादनलगायत काम भएका छन् ।

सामाजिक उत्तरदायित्वअन्तर्गत बालिका बचत, स्वास्थ्य बिमा, विभिन्न जातजातिका लागि १४ वटा सामुदायिक भवन निर्माणलगायत कार्यक्रम सञ्चालनमा ल्याइएको नगरले जनाएको छ ।

सुशासनका क्षेत्रमा नगरले छुट्टै नीति बनाएर अधिकांश मुद्दामा मेलमिलापको माध्यमबाट न्याय सम्पादन गर्दै आएको न्यायिक समितिका संयोजकसमेत रहनुभएका नगरउपप्रमुख रमेश राउतले जानकारी दिए । ‘जघन्य किसिमका बाहेक अधिकांश मुद्दा मेलमिलापको माध्यमबाट न्याय सम्पादन गर्ने अभ्यास गरिएको छ । यसमा दुवै पक्षको जित भएको महसुस हुन्छ’, उनले भने, ‘सुशासनको पक्षमा कसैले औँला उठाउने ठाउँ राखेका छैनौँ । पीडित र पीडक दुवै सन्तुष्ट छन् ।’

निर्वाचित भएर आएको तीनवर्षे कार्यकालमा नगरवासीको आधारभूत आवश्यकता पूरा गर्न सफल भएको नगरप्रमुख विमला राईले बताईन । शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि र पर्यटन गरी पाँच विषयलाई पहिलो प्राथमिकतामा राखेर सुधारका आआयोजनासहित काम गरिएको उनले जानकारी दिए ।

‘हामीले निर्वाचनको घोषणापत्रबमोजिम काम गरिरहेका छौँ । शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि र पर्यटनलाई पहिलो प्राथमिकतामा राखेर सुधार गर्ने आआयोजना बनाएका थियौँ । यीमध्ये अधिकांश आआयोजना पूरा भइसकेका छन ’, नगरप्रमुख राईले भनिन, ‘आगामी दिनको एउटै लक्ष्य भनेको पर्यटन विकास हुनेछ । नगरभित्र रहेका पर्यटकीय क्षेत्रको स्तरोन्नति गरिसकेका छौँ । यसलाई प्रवद्र्धन गरेर आर्थिक उपार्जनको माध्यम बनाउने लक्ष्यसहित अघि बढेका छौँ ।’

नगरपालिकाका जनप्रतिनिधिले गरेका उपलब्धि सार्वजनिकीकरण तथा शैक्षिक सम्मेलन कार्यक्रमको औपचारिक उद्घाटन जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद दाहालले गरेका थिए । कार्यक्रमका वक्ताहरूले हलेसी तुवाचुङ नगरपालिकाको कार्यसम्पादन उत्कृष्ट भएको भन्दै प्रशंसा गरेका छन् ।

महिलाको नेतृत्वमा रहेको नगरपालिकाले बेरुजु फछ्र्योटमा समेत उल्लेख्य प्रगति गरेको छ । महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनअनुसार दश स्थानीय तह रहेको जिल्लामा यो नगरपालिका जिल्लामा प्रथम तथा १३७ वटा स्थानीय तह रहेको कोशी प्रदेशमा तेस्रो र देशभरका ७५३ स्थानीय तहमा दशौँ स्थानमा सफल भएको छ । महालेखापरीक्षक कार्यालयको ६२औँ वार्षिक प्रतिवेदनमा हलेसी तुवाचुङ नगरपालिकामा शून्य दशमलव १५ प्रतिशत मात्रै बेरुजु रहेको औँल्याइएको छ । आर्थिक वर्ष २०८०÷८१ को प्रतिवेदनअनुसार यस नगरपालिकाको बेरुजु २३ लाख ६७ हजार रुपैयाँ देखिएको छ । नगरले आआयोजना गरेको सार्वजनिकीकरण कार्यक्रममा जिल्लास्थित राजनीतिक दल, प्रमुख जिल्ला अधिकारी नरहरि घिमिरे, तीनवटै सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, सरोकार भएका निकायका प्रमुख तथा प्रतिनिधि, बुद्धिजीवि, पत्रकारलगायतको सहभागिता थियो । कार्यक्रममा ‘सक्षम शिक्षक, स्तरीय शिक्षा परिस्कृत संस्कार, सार्वजनिक शिक्षा सवलीकरण हलेसी विकासको आधार’ भन्ने नारासहित शैक्षिक सम्मेलनसमेत आआयोजना गरिएको थियो ।रासस

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

**काठमाडौँ ।**
राष्ट्रियसभाको बुधवारको बैठकको शून्य समयमा भाग लिँदै सदस्यहरुले पर्यटन क्षेत्रलाई दिनुपर्ने सुविधादेखि लिएर विपद् व्यवस्थापनतर्फ सरकारको ध्यानाकर्षण गराए ।

राष्ट्रियसभाको सदस्य उर्मिला अर्यालले भारतीय पर्यटकलाई एक हजार र ५०० दरका भारतीय नोट चलाउने अनुमति दिएमा नेपाल आउने पर्यटक सय रुपैयाँ का धेरै नोट बोग्नुपर्ने झन्झटबाट मुक्त हुने भएकाले त्यसतर्फ सरकारको ध्यानाकर्षण गराईन ।

सदस्य कमला पन्तले ‘विपद् भन्ने कुरा बाजा बनाएर आउँदैन’ भन्ने नेपाली उखानजस्तै समयमै विपद् रोकथाम गर्नुपर्ने तथा हिमताल फुटेर नागरिक प्रभावित हुनेगरेको प्रति समयमै सेचत रहन सरकारको ध्यानाकर्षण गराए ।

सदस्य कृष्णप्रसाद पौडेलले पछिल्लो पाँच वर्षमा एक हजारभन्दा बढी व्यक्तिले विद्युतीय करेन्ट लागेर ज्यान गुमाउनु परेको उल्लेख गर्दै विद्युत् प्राधिकरणमार्फत लत्रिएका तारको व्यवस्थापन गरी भूमिगत तार लगाउने व्यवस्थाका लागि सरकारको ध्यानाकर्षण गराए ।

सदस्य गोमादेवी तिमिल्सिनाले नेपाली कांग्रेस र कम्युनिस्ट सरकारको नेतृत्वमा बनेको सरकारका पालामा नीजिकरण गरेका उद्योगबाट कति रोजगारी सिर्जना भए भन्ने विषयमा सदनलाई यथार्थ विवरण गराउन माग गरे ।

सदस्य दुर्गा गुरुङले कर्णाली प्रदेशमा पूर्वाधार निर्माण र ठूला उद्योग सञ्चालन नहुँदा रोजगारीको अभावमा वैदेशिक रोजगारमा धेरै जाने गरेको हुनाले स्वदेशमै सीपमूलक तालिम र रोजगारीका लागि उद्योगधन्दा सञ्चालन गर्न माग गरिन ।

सदस्य नरबहादुर विष्टले कर्णाली प्रदेशको राजधानी सुर्खेतदेखि दैलेख जाने बाटोमा अत्यधिक दुर्घटना हुनेगरेकाले त्यसको रोकथामा लागि आवश्यक पहलकदमी गरिदिन सरकारसँग अनुरोध गरिन ।

सदस्य नारायणदत्त मिश्रले देशभर रासायनिक मलको हाहाकार भएको र सीमापारीबाट लुकीछिपी एक÷दुई बोरा मल ल्याउदा प्रहरीले दुःख दिनेगरेको उल्लेख गर्दै कृषि उत्पादन बढाउने उद्देश्यका साथ साइकलमा राखी मल ल्याउनेलाई नसमात्र र ट्रकमा ल्याउनेलाई नियमानुसार पक्रन आग्रह गरे ।

सदस्य भूवनबहादुर सुनारले किसानले रासायनिकन मल नपाएको कारण कृषि उत्पादनमा समस्या देखिएकाले जतिसक्दो चाँडो मलखादको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराए ।

सदस्य मोहमद खालिदले सुर्तीजन्य पद्धार्थको आयातलाई निरुत्साहित गर्ने उद्देश्यले लगाइएको कर ३४ प्रतिशत मात्र रहेको सन्दर्भमा विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार सूर्तीजन्य पद्धार्थको कर वृद्धि गर्न सुझाव दिए ।

सदस्य राजेन्द्रलक्ष्मी गैरेले चट्याङ्को घटनाबाट गण्डकी प्रदेश सबैभन्दा बढी प्रभावित भएको र त्यस्ता घटनालाई न्यूनीकरण गराउन सरकारसँग माग गरे ।

सदस्य सुरेशकुमार आले मगरले देशमा समृद्धि ल्याउन आवश्यक उद्योगधन्दामत्री नियम,कानुन, नीति तथा कार्यक्रम ल्याउन सरकारसँग आग्रह गरे ।रासस

# पानीजहाज विधेयकसम्बन्धी समितिको प्रतिवेदन राष्ट्रियसभामा पेस

**काठमाडौँ ।**
राष्ट्रियसभाको आजको बैठकमा ‘पानी जहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१ सम्बन्धी समितिको प्रतिवेदन’ पेस भएको छ ।

बुधवारको बैठकमा विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले उक्त प्रतिवेदन पेस गरेका हुन ।

बैठकमा राष्ट्रियसभा सचिव डा सुरेन्द्र अर्यालले ‘सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८०’का सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देश सभासमक्ष टेबुल गरे ।

राष्ट्रियसभामा उत्पत्ति भएको सो विधेयक माथिल्लो सभाबाट विसं २०८० माघ २९ गते पारित भएको थियो । उक्त विधेयक प्रतिनिधिसभाबाट यही जेठ ४ गते पारित भएको हो ।

बैठकमा अध्यक्ष नारायणप्रसाद दाहालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएकोसम्बन्धी पत्रको व्यहोरा जानकारी गराए ।रासस

# प्रधानमन्त्री कप भलिबल बिहीबारदेखि

**कास्की ।**
देशको पर्यटकीय राजधानी सहर पोखरामा यही जेठ ८ देखि १५ गतेसम्म नवौँ संस्करणको ‘प्रधानमन्त्री कप–एनभिए महिला तथा पुरुष भलिबल क्लब लिग’ हुने भएको छ ।

नेपाल भलिबल सङ्घको आयोजनामा पहिलोपटक राजधानी बाहिर हुन लागेको यस प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको सङ्घका अध्यक्ष जितेन्द्रबहादुर चन्दले जानकारी दिए । उनका अनुसार पोखरा रङ्गशालाको बहुउद्देश्यीय कभर्डहलमा खेल सञ्चालन हुनेछन् ।

प्रतियोगितामा सहभागी टोलीका खेलाडी पोखरा आउने क्रम सुरु भएको छ । कभर्डहलको आवश्यक मर्मतलगायत काम अन्तिम चरणमा पुगेको अध्यक्ष चन्दले बताए । खेलस्तरमा सुधार ल्याउन सहभागी टोलीले तीन जनासम्म विदेशी खेलाडी राख्न सक्ने प्रावधान रहेको उनले जानकारी दिए ।

प्रतियोगितामा पुरुषतर्फ आठ र महिलातर्फ ६ टोलीको सहभागिता रहनेछ । पुरुषतर्फ हेल्प नेपाल स्पोर्टस क्लब, नेपाल एपिएफ क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, कोशी प्रदेश, गण्डकी प्रदेश भलिबल सङ्घ, सुदूरपश्चिम प्रदेश र मणिमुकुन्द भलिबल क्लब बुटबलले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

यसैगरी महिलातर्फ नेपाल पुलिस क्लब, नेपाल एपिएफ, न्यू डायमण्ड युथ स्पोर्टस् क्लब, त्रिभुवन आर्मी, एभरेष्ट भलिबल क्बल र कर्णाली प्रदेश भलिबल टोलीको सहभागिता रहने छ । ‘त्रिपुरेश्वरको कभर्डहल मर्मत भइरहेकाले पोखरा नै उपयुक्त विकल्प हो’, अध्यक्ष चन्दले भने ।

प्रतियोगितामा महिला तथा पुरुष दुबैतर्फका उपाधि विजेताले आठ लाख रुपैयाँ का दरले पुरस्कार पाउनेछन् । यसैगरी उपविजेताले चार÷चार लाख रुपैयाँ तथा तृतीय हुने टोलीले दुई दुई लाख रुपैयाँ का दरले पुरस्कार पाउने नेपाल भलिबल सङ्घका महासचिव रोशन श्रेष्ठले जानकारी दिए ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई जनही ५० हजार रुपैयाँ र विधागत उत्कृष्ट खेलाडीले जनही २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । सङ्घका अध्यक्ष चन्दले नेपालको राष्ट्रिय खेल भलिबललाई व्यवसायिकरण र युवा पिढीलाई खेलप्रति आकर्षित गर्न प्रतियोगिता सफल हुने विश्वास व्यक्त गरे । ‘गण्डकी प्रदेशको राजधानी पोखरामा भलिबल खेलको लोकप्रियता भलिबल खेलप्रेमीको माया र सद्भाव एवं खेल पर्यटनका मार्फत पोखराको प्रवद्र्धन हुने विश्वास लिएका छौं’, अध्यक्ष चन्दले भने ।रासस

# नयाँ पर्यटकीय गन्तव्य दुधेखोलाको

# कोप्रे झरनामा ‘लभ्ली पार्क’ निर्माण शुरु

**म्याग्दी ।**
बेनी नगरपालिका वडा नं २ बगरफाँटमा रहेको कोप्रे झरनामा पर्यटकहरूको सुविधाका लागि ‘पार्क’को निर्माण कार्य सुरु भएको छ । निर्माणाधीन उक्त पार्कलाई ‘लभ्ली पार्क’ नामकरण गरिएको छ ।



सदरमुकाम बेनी बजार नजिकको कोप्रे झरनामा पर्यटकको आगमन बढ्दै गएपछि उनीहरूको सुविधाका लागि पार्क निर्माण गर्न थालिएको हो ।

बेनी नगरपालिकाको एक लाख ५० हजार रुपैयाँ लगानीमा पहिलो चरणमा जमिन सम्म्याउने काम सम्पन्न भएको झरना लभ्ली पार्क निर्माण समितिका अध्यक्ष नारायण कार्कीले बताए ।

‘सदरमुकाम नजिकै नयाँ पर्यटकीयस्थलका रूपमा विकास भएको कोप्रे झरनामा आन्तरिक पर्यटकहरूलाई आकर्षित गर्न बगैँचासहितको आकर्षक पार्क बनाउन लागिएको हो । बस्नका लागि आराम कुर्सीसहित ससाना केटाकेटी, युवायुवती र वृद्धवृद्धाहरूका लागि अनुकूल हुने संरचना निर्माण गर्ने योजना छ’, अध्यक्ष कार्कीले भने ।

‘चालु आर्थिक वर्षमा नगरपालिकाले जमिन सम्म्याउनका लागि मात्र बजेट विनियोजन गरेकाले उक्त बजेटको परिधिमा रही काम सुरु गरेका हौँ, आगामी आर्थिक वर्षमा पार्क निर्माण कार्यलाई पूर्णता दिन्छौँ’, कार्कीले भने ।

पर्यटकको आगमन बढेसँगै उनीहरुलाई आराम गर्ने ठाउँको अभाव देखिएपछि कार्कीले आफ्नै निजी लगानीमा सत्तल र चौतारीसमेत निर्माण गरेका छन ।

कोरोनाकालमा पत्ता लागेको कोप्रे झरनामा त्यसपछिका वर्षहरूमा चहलपहल बढ्दै गएको हो । हाल उक्त स्थानमा दैनिक पचासदेखि दुई सय जना पर्यटक आउने गरेका स्थानीय पुरन घिमिरेले बताए । उनका अनुसार शनिबार र बिदाका अन्य दिन कर्मचारी, व्यापारीलगायत पनि त्यहाँ रमाउन जाने गरेका छन् ।

शिरानमा घना जङ्गल, पुछारमा नागबेली परेर बगेको म्याग्दी नदी, बीचमा कलकल बग्ने दुधेखोला गाउँको बेनी–बगरफाँट–भकिम्ली सडक नजिक अवस्थित यो झरना नजिक पार्क बनेपछि युवायुवती र बालबालिकामात्र नभइ जोकोहीका निम्ति मनोरञ्जनस्थल बन्ने बेनी नगरपालिका–२ बगरफाँटका युवा सज्जन जिसीले बताए ।

खासगरी त्यहाँ भकिम्ली, ज्यामरुककोट, दुधेखोला, बगरफाँट र बेनीबजार आसपासका क्षेत्रबाट मानिस फोटो र भिडियो पुग्ने गरेका छन् । यो स्थान पछिल्लो समय बेनी बजारका बासिन्दाका लागि ‘मर्निङ वाक’ गर्नेको नयाँ गतव्य पनि बनेको छ । कोप्रे झरना पुग्दा आफूलाई आनन्द भएको मङ्गलाघाटका रमेश फगामीले बताए ।

हिउँदमा केही सानो देखिने यो झरना वर्षामा भने निकै आकर्षक हुन्छ । कोप्रे झरनालाई त्यहाँ भ्रमण गर्न जाने कतिपय पर्यटकहरुले ‘वर्षे झरना’ पनि भन्छन् । भीरपहराबाट खस्ने झरना देख्दा मन नै फुरुङ्ग हुन्छ । घाम लागेका बेला इन्द्रेणी पर्ने झरनालाई हेँरिरहुँजस्तो लाग्छ । पहाडको टुप्पोबाट जमिनतिर एकनासले खसिरहने झरनाको चिसो पानीमा भिज्न पाउँदा निकै आनन्द आउने पर्यटकसँग अनुभव छ । यो झरना अङ्ग्रेजी अक्षर भी आकारको छ ।

सदरमुकाम बेनीबजारदेखि उत्तरतर्फ म्याग्दी नदी, पूर्व र पश्चिमतर्फको हरियाली फाँट, दक्षिणतर्फ घना जङ्गल रहेको यो ठाउँ प्राकृतिक सौन्दर्यले पनि भरिपूर्ण छ । यसलाई आन्तरिक पर्यटकीयस्थलका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना रहेका बेनी नगरपालिका–२ का वडाध्यक्ष यामबहादुर कार्कीले बताए ।

कोप्रे झरनाका नजिक पानी उड्ने छहरा, एक सय २६ वर्ष पुरानो ऐतिहासिक घुमाउने चौतारो, बगरफाँटमा तीन रोपनी क्षेत्रफलको विशाल चट्टानमाथि निर्माण गरिएको आकर्षक देवीको मन्दिर, शिवालय, गुफालगायतका धार्मिक तथा पर्यटकीयस्थल पनि छन् । त्यहाँ पुग्ने प्रकृतिप्रेमी पार्क घमेर फर्कन वडाध्यक्ष कार्कीको विश्वास छ ।रासस

# बिर्तामोडका विभिन्न सडक

# धमाधम कालोपत्रे गरिँदै

**झापा ।**
सङ्घ, प्रदेश र स्थानीय तहको लगानीमा बिर्तामोड नगरपालिकामा १४ किलोमिटर सडक धमाधम कालोपत्र भइरहेको छ ।

सडक डिभिजन कार्यालयका सबइञ्जिनियर मदन साहका अनुसार हर्कलाल मार्ग, बुट्टाबारी (प्याकुरेल चोक) सडक, गोकुल जोशी मार्ग र सहिदचन्द्र मार्ग सडकको स्तरोन्नति अन्तिम चरणमा पुगेको छ । नगरका २, ३, ४, ६, ७ र ९ नम्बर वडालाई जोड्ने ती सडकको निर्माण लागत एक अर्ब रुपैयाँ भन्दा बढी छ । चालु आर्थिक वर्षमा सम्पन्न गर्ने लक्ष्यका साथ धमाधम कालोपत्र भइरहेको छ ।

विश्व बैंकको आर्थिक सहयोग रहेको वडा नम्बर ६, ७ र ८ जोड्ने छ किलोमिटर २५८ मिटर लामो सडकमा हाल कालोपत्र भइरहेको छ । जेठको तेस्रो सातासम्ममा निर्माण सम्पन्न हुने आरपी समता जेभीका मनोज उप्रेतीले बताए । यो सडक आरपी समता जेभीले रु ५८ करोडमा निर्माणको ठेक्का लिएको हो ।

बिर्तामोड नगरपालिकालाई हल्दिबारी गाउँपालिकासँग जोड्ने सहिद चन्द्रमार्गको दुई किलोमिटर सडक आगामी १५ दिनभित्र सम्पन्न गर्ने लक्ष्यका साथ तीन खण्डमा कालोपत्र भइरहेको छ । दुई किलोमिटर लामो उक्त सडकको पहिलो खण्डमा पाँच करोड ६० लाख रुपैयाँ को ठेक्का सिद्धीथुम्का एभरग्रिन जेभीले, दोस्रो खण्डमा ट्रस्ना निर्माण सेवाले ६८ लाख रुपैयाँ मा र तेस्रो खण्डमा नाम्लाक निर्माण सेवाले एक करोड पाँच लाख रुपैयाँ मा निर्माणको जिम्मा लिएको छ ।

वडा नम्बर २ देखि ३ हुँदै कनकाई नगरपालिका जोड्ने चारपाने–घैलाडुब्वा एक किलोमिटर सडकको छ करोड रुपैयाँ को ठेक्कामा शान्ति निर्माण सेवा प्रालिले धमाधम निर्माण गरिरहेको वडाध्यक्ष किशोर बुढाथोकीले बताए ।

विर्तामोड–४ स्थित हर्कलाल मार्गको स्तरोन्नति तीन खण्डमा भइरहेको छ । प्रदेश र नगरपालिकाको लगानीमा निर्माणाधीन उक्त सडकको बीचको खण्डमा कालोपत्र भइसकेको छभने पहिलो र अन्तिम खण्डमा काम जारी छ । उक्त सडकको पहिलो खण्ड एक करोड १३ लाख रुपैयाँ , दोस्रो खण्ड छ करोड रुपैयाँ र अन्तिम खण्ड एक करोड ११ लाख रुपैयाँ मा ठेक्का लागेको हो ।

कोशी प्रदेश सरकार र बिर्तामोड नगरपालिकाको दुई करोड ६० लाख रुपैयाँ समपूरक बजेटबाट दाहाल गाउँबाट लालमाटी चोक पश्चिम खण्डसम्म एक किलोमिटर क्षेत्रमा स्तरोन्नति कार्य धमाधम भइरहेको छ । यहाँ केही दिनमा सडक कालोपत्र गरिने निर्माण व्यवसायी दिनेश मैनालीले जानकारी दिए ।बिर्तामोड नगरपालिकाकी प्रमुख पवित्रा प्रसाईँले सडक स्तरोन्नतिको निरन्तर अनुगमन भइरहेको बताए ।रासस

# अन्तरिक्ष युद्ध रोक्न ट्रम्पले सारे ‘गोल्डेन डोम’

# योजना, जसका लागि १७५ अर्ब डलर दिने

**वासिंगटन ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एउटा महत्वाकांक्षी योजना घोषणा गरेका छन्, जसलाई उनले ‘गोल्डेन डोम’ नाम दिएका छन् । यस योजनाको लक्ष्य अमेरिकालाई मिसाइल आक्रमणबाट जोगाउन बलियो सुरक्षा ढाल निर्माण गर्नु हो ।



यो केही हदसम्म इजरायलले ‘आइरन डोम’ नाम गरेको वायु रक्षा प्रणालीसँग मिल्दोजुल्दो छ। ट्रम्पले ओभल अफिसमा पत्रकारहरुसँग भने, ‘सम्पन्न भएपछि गोल्डेन डोमले विश्वको जुनसुकै कुना वा अन्तरिक्षबाट प्रहार गर्ने मिसाइललाई रोक्न सक्नेछ ।’

यो योजना अन्तर्गत हजारौं साना उपग्रह पृथ्वीको कक्षमा तैनाथ गरिने छ । स्याटेलाइटको यस नेटवर्कबाट आउने मिसाइलहरू पत्ता लगाउन सकिन्छ । यो तिनीहरूमा नजर राख्न र प्रक्षेपण पछि तुरुन्तै नष्ट गर्न सक्षम हुनेछन् ।

ट्रम्पले आफ्नो कार्यकालको अन्त्यसम्ममा यो प्रणाली पूरा गर्ने लक्ष्य रहेको बताएका छन् । यसका लागि आगामी वर्षको बजेटमा २५ अर्ब डलर र कुल १७५ अर्ब डलर खर्च हुने अनुमान गरिएको छ । ओभल अफिसबाट बोल्दै ट्रम्पले यस्तो बताएका हुन् । यो प्रणालीको डिजाइनलाई अन्तिम रूप दिइएको छ र यसको नेतृत्व स्पेस अपरेशनका उपप्रमुख जनरल माइकल गुएटेलिनले गर्नेछन् ।

सेन्टर फर स्ट्राटेजिक एण्ड इन्टरनेशनल स्टडीजको मिसाइल डिफेन्स प्रोजेक्टका निर्देशक टम काराकोले यसलाई आवश्यक कदम भनेका छन् । उनले भने, ‘अन्तरिक्षमा युद्धको सम्भावनालाई ध्यानमा राख्दै गोल्डेन डोमले अमेरिकालाई कडा सुरक्षा दिन सक्छ ।’ यद्यपि, युनियन अफ कन्सर्ड साइन्टिस्टका भौतिक शास्त्री लौरा ग्रेगोले यो प्रणाली जटिल र महँगो भएको र सजिलैसँग लक्षित गर्न नसकिने चेतावनी दिएका छन् ।

गोल्डेन डोमले हाइपरसोनिक मिसाइलहरू र फ्र्याक्शनल अर्बिटल बमबारर्डमेन्ट प्रणाली जस्ता नयाँ प्रकारका मिसाइलहरूसँग पनि सामना गर्नु पर्नेछ । लागतको बारेमा पनि अनिश्चितता रहेको छ ।

ट्रम्पले १७५ अर्ब डलरको अनुमान गरे पनि केही विज्ञहरूले यो खर्च १६१ देखि ५४२ अर्ब डलरसम्म हुन सक्ने बताएका छन् । र, यो पूरा हुन दशकौं लाग्न पनि सक्छ । सन् १९८३ मा तत्कालीन राष्ट्रपति रोनाल्ड रेगनले पनि यस्तै हवाई रक्षा प्रणालीको सपना देखेका थिए तर सोभियत संघको पतनअघि त्यो पूरा हुन सकेको थिएन् ।

अमेरिकासँग अहिले छोटो र मध्यम दूरीका क्षेप्यास्त्रहरू रोक्ने प्रणाली छ तर लामो दूरीका क्षेप्यास्त्रहरुलाई ठूलो मात्रामा रोक्न भने उसका लागि अझै ठूलो चुनौती बनिरहेको छ ।एजेन्सी

# ४८ घन्टामा राहात नपुगे गाजामा १४ हजार

# बालबालिकाको ज्यान जान सक्छः राष्ट्र संघ

**काठमाडौं ।**
गाजामा भोकमरीका कारण मृत्यु हुने बालबालिकाको संख्यालाई लिएर संयुक्त राष्ट्रसंघले निकै खतरनाक चेतावनी दिएको छ ।

संयुक्त राष्ट्रसंघका मानवीय प्रमुख टम फ्लेचरले आगामी ३५ घण्टाभित्र मानवीय सहायता तुरुन्तै नपुगेमा १४ हजार बालबालिकाको ज्यान जान सक्ने बताएका छन् ।

बीबीसीलाई दिएको एक अन्तर्वार्तामा फ्लेचरले अहिले अवस्था यति नाजुक भइसकेको बताउँदै यदी समयमै सहयोग नपाए यो संकट नरसंहारमा परिणत हुन सक्छ । यद्दपी, इजरायली प्रधानमन्त्री नेतन्याहुले अन्तर्राष्ट्रिय दबाब पछि गाजामा ११ हप्तादेखि जारी रहेको राहत सामग्रीको नाकाबन्दीमा केही खुकुलो घोषणा गरेको बताए ।

यसका बाबजुद पनि सोमबार मात्र जम्मा ५ ट्रक गाजा प्रवेश गर्न सकेको थियो। यसलाई समुन्द्रको थोपा बताउँदै उनले यति सीमित स्रोत साधनले २० लाखभन्दा बढी जनताको आवश्यकता पूरा गर्न नसकिने बताए । संयुक्त राष्ट्रका अधिकारीले गाजा पठाइएका ट्रकहरू अझै पनि सीमाको अर्को छेउमा अड्किएका र सर्वसाधारणसम्म पुग्न नसकेको बताए।

यसमा मुख्यतया बालबालिकाका लागि पोषणयुक्त खानेकुरा र शिशुको खानाको भार समावेश थियो, जसको ज्यान खतरामा परेका बालबालिकासम्म पुग्न सकेको छैन । गाजामा राहत सामाग्री भए पनि प्रयोग हुन नसकेको अवस्था यति बिग्रिएको छ ।

गाजा अहिले डरलाग्दो मानवीय संकटबाट गुज्रिरहेको छ । खानेपानी, बिजुली, औषधि र खाद्यान्न जस्ता आधारभूत आवश्यकताहरू लगभग हराइ नै सकेका छन्। अस्पतालमा ठाउँ छैन र हजारौं बालबालिका भोकमरी र कुपोषणबाट पीडित छन् । संयुक्त राष्ट्रसंघले यसलाई मानव निर्मित संकट भनेको छ र यसलाई पूर्ण रूपमा रोक्न सकिने बताएको छ। यदि अन्तर्राष्ट्रिय समुदायले दबाब सिर्जना गरी तत्काल राहत सामग्री पु¥याउने व्यवस्था मिलाउनुपर्छ ।

संयुक्त राष्ट्रसंघले यो संकट मानवीय भन्दा पनि राजनीतिक भएको स्पष्ट रुपमा भनेको छ । राहत सामग्रीलाई युद्ध रणनीतिबाट अलग नगरेसम्म निर्दोष बालबालिकाको जीवन बचाउन असम्भव छ । टम फ्लेचरले बालबालिकाको जीवन बचाउनलाई प्राथमिकता दिन र तत्काल, बिना शर्त राहत दिन सम्बन्धित सबैलाई अपिल गरेका छन्, अन्यथा आगामी ४८ घण्टा इतिहासको सबैभन्दा लाजमर्दो क्षणका रूपमा गनिनेछ ।एजेन्सी

# स्थानिय सरकार माथी ९ ट्रिलियन ऋण, सरकारी खर्च कटौती गर्न चीन सरकारको निर्देशन

**बेइजिङ ।**
चीन सरकारले मदिरा र चुरोटमा हुने खर्च घटाउन आफ्ना अधिकारीहरूलाई निर्देशन दिएको छ ।

यसका साथै यात्रा, खाना र कार्यालय स्थलमा हुने खर्च कटौती गर्न पनि भनिएको छ । राष्ट्रपति सी जिनपिङ र कम्युनिष्ट पार्टीले सरकारी खर्च घटाउन यो निर्णय गरेको हो । महँगो खाना, रक्सी र चुरोट अब चीनमा कार्यालयहरूमा सेवा दिइने छैन। कार्यक्रममा कुनै भव्य फूल सजावट पनि अब हुने छैनन् ।

चीनको सिन्ह्वा समाचार एजेन्सीका अनुसार चीनको कम्युनिष्ट सरकारले अधिकारीहरूमा हुने खर्चमा कडाई र बचत गर्न निर्देशन गरेको छ।

जसमा सरकारी श्रोतको सदुपयोग गर्न र अनावश्यक खर्च रोक्न अधिकारीहरुलाई आग्रह गरिएको छ ।

सरकारले अनावश्यक खर्चलाई लाजमर्दो र बचतलाई सम्मानजनक भनेको छ । हाल सालै चीनमा जग्गा बिक्रीबाट हुने नाफा घटेको छ भने स्थानीय सरकारहरूले ठूलो ऋणमा परेका छन ।

ब्लूमबर्गको रिपोर्टका अनुसार चीनका स्थानीय सरकारहरूको करिब ९ ट्रिलियन अमेरिकी डलर ऋणको भारी रहेको छ।

यसअघि सन् २०२३ मा राष्ट्रपति सी चिनफिङले भ्रष्टाचार र अधिकारीहरूको आसन विरुद्ध अभियान सुरु गरेका थिए। जसमा सरकारले कर्मचारीलाई खर्च कटौती गर्ने बानी विकास गर्न निर्देशन दिएको थियो ।

ब्लूमबर्गका अनुसार २०२४ मा बेइजिङले स्थानीय सरकारहरूको ऋणसँग सम्बन्धित जोखिमहरू कम गर्न अभियान सुरु गरेको थियो। जसले गर्दा पूर्व निर्धारित जोखिम कम हुन्छ र स्थानीय सरकारहरुले आर्थिक विकासमा मद्दत गर्न सक्छन् भन्ने अपेक्षा गरिएको छ ।एजेन्सी

# यस वर्ष गण्डकी प्रदेशमा डढेलोबाट हुने क्षति कम



**गण्डकी ।**
'प्रिमनसुन' अवधिमा भइरहेको वर्षाले यस वर्ष गण्डकी प्रदेशमा डढेलोका घटना कम भएका छन् । गत वर्ष वैशाख तेस्रो सातासम्ममा यहाँका चार सय ६७ स्थानमा डढेलो लागेकामा यस वर्ष हाससम्म एक सय ९६ स्थानमा डढेलो लागेको प्रदेश वन निर्देशनालयले जनाएको छ । निर्देशनालयका वन अधिकृत तिलकबहादुर थापाका अनुसार यस वर्ष झण्डै २३ सय ८० हेक्टर क्षेत्रफलमा डढेलो लागेको छ ।

गत वर्ष डढेलोबाट आठ हजार दुई सय ७७ हेक्टर वन क्षेत्र डढेलोबाट प्रभावित भएको थियो । डढेलोको उच्च जोखिम हुने समयमा वर्षा भएपछि डढेलो नियन्त्रण गर्न सहज भएको वन अधिकृत थापाले बताए । 'सुख्खा याम लम्बिँदा डढेलोका घटना धेरै बढ्ने हुन्छ, यो वर्ष पानी परिरहेकाले त्यो अवस्था आएन, डढेलोबाट हुने क्षति कम भयो, प्रदुषण पनि व्यापक हुन पाएन', उनले भने । यो वर्ष सबैभन्दा बढी नवलपुरको ३७ स्थानमा डढेलो लागेको वन अधिकृत थापाले जानकारी दिए । सबैभन्दा कम मुस्ताङ र मनाङका एक÷एक स्थानमा डढेलो लागेको हो । गोरखाका ३४, म्याग्दीका २८, कास्कीका २७, लमजुङका २१, स्याङ्जाका १७, तनहुँ र पर्वतका १२÷१२ र बागलुङका छ स्थानमा डढेलो लागेको हो । डढेलोबाट गौशला, घरगोठ, काठ र रूखबिरूवामा क्षति पुगेको वन निर्देशनालयले जनाएको छ ।

डढेलो लाग्दा वन क्षेत्रमा हुने बोटबिरुवा, वन्यजन्तु, काठ र दाउराको क्षति भने आँकलन नै गर्न नसकिने वन अधिकृत थापाले बताए ।'डढेलोले वन क्षेत्रमा बर्सेनि ठूलो नोक्सानी भइरहेको हुन्छ, डढेलो अनियन्त्रित भएर मानव बस्तीतिर सर्दा धनजनकोसमेत क्षति हुने गरेको छ', उनले भने । डढेलोले पर्यावरणीय स्वच्छतामा पनि नकारात्मक असर पुर्याउने उनको भनाइ छ । फागुनदेखि जेठसम्ममा डढेलोका घटना बढी हुने गरेको छ । गर्मीयाममा वनमा हुने पातपतिङ्गर र घाँसदाउरा बढी प्रज्वलनशील हुने हुँदा डढेलो लाग्ने गरेको छ । हिउँदे वर्षा नहुनु, हावाहुरीको याम जस्ता कारणले पनि डढेलोले प्रश्रय पाउने गरेको वन अधिकृत थापाले बताए ।
मानवीय कारणले नै डढेलो लाग्ने गरेको उनको भनाइ छ । ५८ प्रतिशत जानीजानी, २२ प्रतिशत लापरबाही र २० प्रतिशत डढेलो दुर्घटनावश लाग्ने गरेको विभिन्न अध्ययनले देखाएको उनले बताए । पछिल्लो समय वन व्यवस्थापनका क्रियाकलाप घट्दा पनि डढेलोको प्रकोप बढ्ने गरेको बताइन्छ ।आगो लगाउँदा घाँस र बुव्यान राम्रोसँग पलाउँछ भनेर व्यक्तिले जानजानी आगो लगाउँदा त्यो अनियन्त्रित भई डढेलोको रुप लिने गरेको छ । डेढेलोले जैविक विविधतामा ह्रास ल्याउनुका साथै डढेलो लाग्दा हुने कार्बन उत्सर्जनले जलवायु परिवर्तनमा पनि भूमिका खेल्ने गरेको विज्ञहरू बताउछन ।
डढेलोले माटोको प्राङ्गारिक तत्व नष्ट हुने, जनजन्तुको बासस्थान नासिनेलगायतका समस्या निम्तने गरेको छ । डढेलोले भू–क्षय, बाढी जस्ता प्राकृतिक विपतका घटना पनि बढाउने गरेको छ । डढेलोले निजी, सामुदायिक र राष्ट्रिय वन क्षेत्रका बोटबिरुवा तथा बुव्यान सखाप पार्ने गरेको छ । डढेलो लगाउने व्यक्तिलाई बिगोअनुसारको जरिवानासहित तीन वर्षसम्मको कैद हुनसक्ने कानुनी प्रबन्ध रहेको छ । डढेलो लगाउने व्यक्तिका बारेमा सूचना दिने व्यक्तिलाई उसले बुझाएको जरिवानाको १० प्रतिशत पुरस्कार पाउने व्यवस्था रहेको छ ।रासस

# सङ्घीयता लोकतन्त्रको गहना होः शेखरकुमार सिंह

*लोकतान्त्रिक समाजवादी पार्टी नेपालका उपाध्यक्ष शेखरकुमार सिंहले संविधान संशोधन गरी मधेसी समुदायको अधिकार सुनिश्चित हुने विश्वास व्यक्त गरेका छन । मधेस प्रदेशबाट राष्ट्रियसभा सदस्य निर्वाचित उन राजनीतिक दलको अबको मुद्दा देशको आर्थिक विकास हुनुपर्नेमा जोड दिएका छन । राष्ट्रियसभा सदस्य सिंहसँग राससका समाचारदाता सुशील दर्नालले गरेको कुराकानीको सम्पादित अंश :*

**काठमाडौँ ।**
देश निर्माणमा लाग्नुपर्ने युवा विदेश पलायन हुनु राम्रो होइन । तर वैदेशिक रोजगारीको धेरै पाटाहरू छन् । एकातिर देशका युवा विदेश जाँदा विप्रेषण आइरहेको छ । तर त्यसो भनेर हुँदैन । अन्नको भूमिको रूपमा चिनिने नेपाल आज परनिर्भर हुनुपरेको छ । यो देशका लागि दुःखको कुरा हो । नेपालको सबै क्षेत्रले उत्तिकै सम्भावना बोकेको छ । हामीले पर्यटन क्षेत्रलाई थप व्यवस्थित गर्ने होभने त्यो नै देशको आम्दानीको राम्रो स्रोत हुनसक्छ । कृषिको त्यत्तिकै सम्भावना छ । त्यसअनुरुप देशले कृषिमा लगानी गर्नै सकेको छैन । विदेशी युवालाई रोक्नका लागि देशभित्र नै आम्दानीको स्रोत बढाउनुपर्छ । अहिले गाउँ पूरै खाली छ । मान्छे मर्दा मलामी पाउन गाह्रो छ । गाउँमा युवा उमेरका मानिस सबै विदेशमा छन् । युवालाई स्वदेशमै रोक्न सरकारले ल्याएको युवा स्वरोजगारलाई व्यवहारमा कार्यान्वयन हुनुपर्छ । प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको पनि व्यावहारिक रूपमै कार्यान्वयन गर्नुपर्छ ।
अर्कातर्फ देशमा सुशासन कायम गर्न तीनै तहका सरकार अनुशासित हुनुपर्छ । तीन तहका सरकारले पारदर्शी भएर जनताको पक्षमा काम गर्नुपर्छ । सरकारले शिक्षा, स्वास्थ्य र रोजगारीमा गरेको लगानी पारदर्शी हुनुपर्छ । जबसम्म सरकारले गरेका काम र भएको लगानी पारदर्शी हुँदैन तबसम्म सुशासन कायम हुन सक्दैन । देशमा देखिएका सबै समस्या समाधान गर्न पहिला देश आर्थिक रूपमा सम्पन्न हुनुपर्छ । देशले आम्दानी बढाउनुपर्छ । आर्थिक अवस्थामा सुधार ल्याउन देशभित्र उद्योग र कलकारखाना सञ्चालन गर्नुपर्छ । देशभित्र भएका प्राकृतिक स्रोत साधनको सही ढङ्गबाट परिचालन गर्नुपर्छ । साँच्चिकै भन्ने हो भने हाम्रो देश कृषिबाट नै आत्मनिर्भर हुनसक्छ । कृषिमै प्रचुर सम्भावना छ । तर प्रत्येक वर्ष किसानले मल, बीउ र सिँचाइको समस्या भोग्नुपरेको



छ । उनीहरूले समयमा मल पाउन सकेका छैनन् । अर्कातिर उनीहरूले उत्पादन गरेका वस्तुले उचित बजार पाउन सकेको छैन । सरकारले कृषिसँग सम्बन्धित यी सबै कुरा सम्बोधन गर्ने होभने नेपाल आत्मनिर्भरतातर्फ अगाडि बढ्छ ।
मैले मधेसी समुदायको अधिकारका निम्ति विगत लामो समयदेखि सङ्घर्ष गर्दै आएको छु । नयाँ संविधानमा मधेसी समुदायका केही अधिकार सुनिश्चित भएको छ । अझै धेरै अधिकार सुनिश्चित हुन बाँकी छन् । अहिले हामी संविधान संशोधनमार्फत मधेसी समुदायको थप अधिकार सुनिश्चित गर्ने पक्षमा छौँ । सरकार गठनका क्रममा संविधान संशोधन गर्ने विषय राखिएको छ । संविधान संशोधन मधेसी समुदायको पक्षमा हुनुपर्छ भन्ने हाम्रो भनाइ हो । प्रधानमन्त्री केपी शर्मा ओली पनि संविधान संशोधनका विषयमा सकारात्मक नै हुनुहुन्छ ।
मधेसी सुमदायको मुख्य समस्या भनेको शिक्षा, स्वास्थ्य, रोजगारी र विकास हो । यो समस्या मधेसीमा मात्र नभई देशकै हो । गुणस्तरीय शिक्षा सबै नेपालीको माग हो । तर अन्य प्रदेशको तुलनामा मधेस विकासमा पछि परेको छ । राज्यका निकाय कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा मधेसी समुदायको सहभागिता कमजोर छ । संवैधानिक निकाय होस् वा अरु कुनैमा पनि मधेसी समुदायको प्रतिनिधित्व न्यून छ । जनसङ्ख्याका आधारमा प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ ।
समग्रमा संविधानको कार्यान्वयन हुँदै आएको छ । खासगरी पछाडि परेको समुदाय र महिलाको संवैधानिक अधिकार क्रमशः कार्यान्वयन हुँदै गएको छ । त्यसको तुलनामा मधेसी, दलित, उत्पीडित क्षेत्रका समुदायको अधिकार भने अझै कार्यान्वयन हुनसकेको छैन । यही संविधानलाई टेकेर दुईवटा निर्वाचन सम्पन्न भएको छ । संसद्ले ऐन, कानुन पनि तीव्रगतिमा निर्माण गरिनै रहेको छ । फेरि संविधान एकैपटक कार्यान्वयन हुने विषय पनि होइन । विस्तारै कार्यान्वयन हुन्छ भन्ने विषयमा हामीलाई पूर्ण विश्वास छ । सङ्घीयता लोकतन्त्रको गहना हो । यदि सङ्घीयता नभएको भए आज हामी राष्ट्रियसभामा हुने थिएनौँ । सङ्घीयताले समग्र मुलुकलाई विकासको बाटोमा डोहोर्याउँछ । नेपाललाई उज्यालोतर्फ डोहोर्याउने माध्यम भनेको सङ्घीयता नै हो । यसलाई अझै सुदृढ बनाउन सङ्घीयतासँग जोडिएका शिक्षा, निजामती र प्रहरी ऐनलगायतका कानुन बनाउन जरुरी छ ।
हामी सबै दल मिलेर देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र ल्याएका हौँ । देशको एउटा व्यवस्था परिवर्तन भएको छ । तर समग्र जनताको अवस्थालाई अझै सुदृढ बनाउनुपर्ने छ । सबै राजनीतिक दल मिलेर देशलाई आर्थिक विकासको बाटोमा अगाडि बढाउनुपर्ने छ । अब सम्पूर्ण राजनीतिक दलको मुख्य मुद्दा नै आर्थिक विकास बन्नुपर्छ । देशको विकास गर्ने सवालमा एकले अर्कालाई आरोपप्रत्यारोप गरेर हुँदैन । दलहरू मिल्नुपर्ने बेला आएको छ । हामी सधैँभरि व्यवस्था मात्र परिवर्तन गर्नमै व्यस्त हुने भए देश बन्दैन । अब देशको अवस्था पनि त परिर्तन गर्नुपर्ने होला नि ? हामीले त्यत्रो सङ्घर्षबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र ल्याएका छौँ । जनतालाई सुशासन पनि दिनुपर्छ । कसैले चाहना राख्दैमा व्यवस्था परिवर्तन हुँदैन । अहिले भएकै व्यवस्थालाई सुधार गर्दै लैजानुको विकल्प छैन । हामीले जनतालाई स्थायित्व पनि दिनुपर्छ । सबै व्यवस्थाको परीक्षण र अनुभव गर्दागर्दै मुलुक यो अवस्थामा आइसकेको छ । अहिले नेपाली जनताले पाएको अधिकारलाई थप व्यवस्थित गरेर लैजानुपर्छ । जनताले अहिले व्यवस्था होइन, आफ्नो अवस्थामा परिवर्तन चाहेको छ । त्यसतर्फ सबैको ध्यान केन्द्रित हुन जरुरीछ । जनताको अबको चाहना भनेको समृद्ध नेपाल, सुखी नेपाली हो । त्यो पूरा हुँदैछ, छिट्टै पूरा हुन्छ । जनतालाई केही समय धैर्य गर्न आह्वान गर्दछु ।रासस

# 'जनप्रतिनिधिसँग सपना योजना र इमान्दारी हुनुपर्छ '



**झापा ।**
झापाको हल्दिबारी गाउँपालिकाको वडा नं ५ र १ जोड्ने भुतेनी खोलामा पुल निर्माण भएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष एवं सांसद राजेन्द्र लिङ्देनले बुधवार पुलको शुभारम्भ गर्दै जनप्रतिनिधिसँग सपना, योजना र इमान्दारी भए विकासमा कुनै अवरोध नआउने बताए ।
'हल्दिबारीले यहाँको सर्वाङ्गीण विकासमा जुन फड्को मारिरहेको छ, म त्यसका लागि सबैलाई बधाइ दिन्छु', उनले भने ।
हालसम्म एक सय ५० काठेपुल विस्थापित गरी पुल र कल्भर्ट निर्माण गरिएको गाउँपालिका अध्यक्ष रवीन्द्र लिङ्देन बताए । यससँगै भुसुडी खोलामा थप दुईवटा पुल निर्माण सम्पन्न हुन लागेको उनले बताए । कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एमाले) हल्दिबारी अध्यक्ष त्रिलोचन सपाकोटाले कम लागत र समयमै पुल निर्माण हुनु सुखद् भएको बताए । गाउँपालिकाले राजनीतिक पूर्वाग्रह नराखी नयाँ र पुराना योजना सञ्चालन गरिरहेको बताउदै उनले स्थानीय तहकै बजेटमा पुल निर्माण हुनु गौरवको विषय बनेको उल्लेख गरे ।
हल्दिबारी गाउँपालिकाको आफ्नै बजेटबाट भुतेनी खोलाम एउटा र भुसुडी खोलमा दुईवटा चार करोड ९६ लाख ८५ हजार ९२८ रुपैयाँ को लागत निर्माण भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर वन (महेन्द्र)ले जानकारी दिए । आज भुतेनी खोलामा उद्घाटन गरिएको पुलको लागत दुई करोड ३० लाख रुपैयाँ रहेको छभने लम्बाइ ४२.७ मिटर र चौडाइ ७.२ मिटर रहेको छ । पुल निर्माणको ठेक्का सारा सृष्टि निर्माण सेवा प्रालिले पाएको थियो । गाउँपालिकाले दुई वर्षभित्र पुलको निर्माण सम्पन्न गर्नेगरी निर्माण कम्पनी सारा सृष्टिसँग २०७९ मङ्सिर ७ गते सम्झौता गरेको उनले बताए ।
पुल निर्माण भएसँगै हल्दिबारी गाउँपालिकासँग हल्दिबारी–१ वासीको सिधा सम्पर्क भएको छभने वडा नं ५ र १ का हजारौँ स्थानीयवासी लाभान्विन भएको नगरपालिकाका योजना शाखा प्रमुख राजन न्यौपानेले जानकारी दिए । वर्षायाममा आवातजावत गर्न सास्ती व्यहोरिरहेका नजिकै रहेको धनुषा आधारभूत विद्यालयका विद्यार्थीलाई समेत पुल निर्माण भएपछि सहज भएको छ ।रासस

# बैतडीको शिवनाथमा मातृ तथा शिशु मृत्यु शून्य

**बैतडी ।**
बैतडीको शिवनाथ गाउँपालिकाले 'घरमा हुने सुत्केरी शून्य' अभियान सञ्चालन गरेको छ । यसका लागि १७ सुरक्षित प्रसूति सेवा केन्द्र मार्फत सेवा प्रदान गरिराखेको छ ।
शिवनाथ ३ लाई घरमा हुने सुत्केरी शून्य वडा घोषणा गरिसकिएको छ भने अन्य वडालाई घोषणाको तयारी भइरहेको गाउँपालिकाले जनाएको छ । घरमा हुने सुत्केरी शून्य बनाउनका लागि स्वास्थ्य संस्थाभन्दा टाढा रहेका बस्तीलाई लक्षित गरेर प्रसूति सेवा केन्द्र सञ्चालनमा ल्याइएका हिवनाथ गाउँपालिका अध्यक्ष कर्णसिंह साउँदले बताए । गाउँपालिकाका ६ वडामा १७ प्रसूति सेवा केन्द्र सञ्चालनमा रहेका छन् ।
उनले भने, 'गाउँपालिकामा जनप्रतिनिधि आएपछि हरेक वडामा आवश्यकता अनुसार सुरक्षित प्रसूति सेवा केन्द्र सञ्चालनमा ल्याइएका छन् । २०७४ सालदेखि गाउँपालिकाका हरेक वडामा सुरक्षित प्रसूति सेवा केन्द्र सञ्चालनमा ल्याइएका हुन् ।'
गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरेन्द्रसिंह महताका अनुसार पालिकामा रहेका स्वास्थ्य संस्था र स्वास्थ्य संस्था बाहिर पनि प्रसूति सेवा केन्द्र सञ्चालनमा रहेका छन् । शिवनाथको वडा नं १ मा ३, वडा नं २ मा ३, वडा नं ३ मा २, वडा नं ४ मा ३, वडा नं ५ मा ३ र वडा नं ६ मा तीनओटा प्रसूति सेवा केन्द्र रहेका हुन् ।
स्वास्थ्य संस्थाभन्दा टाढा रहेका बस्तीलाई लक्षित गरेर प्रसूति सेवा केन्द्र सञ्चालनमा ल्याइएका छन् भने स्वास्थ्य संस्थामा पनि चौबिसै घण्टा सुरक्षित प्रसूति सेवा सञ्चालनमा रहेको हुन् ।
.प्रत्येक बस्ती र वडामा सुरक्षित प्रसूति सेवा प्राप्त भएपछि शिवनाथ गाउँपालिकालाई नै घरमा हुने सुत्केरी शून्य घोषणाको तयारी भएको छ । हरेक वर्ष स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरेका बताउँदै अध्यक्ष साउँदले आगामी बजेटमा पनि हामी स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखिने प्रतिवद्धता गरे ।
गाउँपालिकाले चालु आर्थिक वर्षमा स्वास्थ्य क्षेत्रमा झण्डै दुई करोड रूपैयाँ बजेट विनियोजन गरेको थियो । वडा र बस्तीमा सुरक्षित प्रसूति सेवा केन्द्रमार्फत सेवा विस्तार भएपछि मातृ मृत्यु र शिशु मृत्यु पनि शून्यमा झरेको प्रमुख प्रशासकीय अधिकृत महताले बताए । गाउँपालिकाभित्र रहेका सुरक्षित प्रसूति सेवा केन्द्र र स्वास्थ्य संस्थाबाट एक वर्षको अवधिमा ४०० महिलाले सेवा लिएका छन् ।रासस

# 'विकास–निर्माणका काम कांग्रेसको उच्च प्राथमिकतामा'



**तनहुँ ।**
नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले विकास–निर्माणका कामलाई आफ्नो पार्टीले उच्च महत्व दिएको बताएका छन ।
नेपाली कांग्रेस बन्दीपुर गाउँ कार्यसमितिले बुधवार आयोजना गरेको कार्यकर्ता भेटमा उनले कांग्रेसको नेतृत्वमा नै देश विकासको पथमा सशक्त ढङ्गले अघिबढ्ने बताए ।
पूर्वअर्थमन्त्री महतले लोकप्रिय हुन हचुवाका भरमा कार्यक्रम घोषणा गर्ने प्रवृत्ति रहेको टिप्पणी गर्दै त्यसलाई नियन्त्रण गर्नुपर्नेमा जोड दिए । बजेट छर्ने प्रवृत्तप्रति लक्ष्य गर्दै उनले त्यसो भन्नुभएको हो ।
प्रवक्ता महतले नेपाली कांग्रेसमा एकता आवश्यक रहेको औँल्याए । कांग्रेस एकताबद्ध भएमा आगामी निर्वाचनमा सबैभन्दा ठूलो शक्ति बन्नबाट उसलाई कसैले रोक्न नसक्ने उनले बताए ।
एक्लै प्रतिस्पर्धा गरेर बहुमत ल्याउने कांग्रेसको नीति भए पनि चुनावमा गठबन्धन गर्नुपर्ने बाध्यात्मक परिस्थितिमा त्यसो गर्नुपरेको स्पष्ट गरे ।
निर्वाचन प्रणालीका कारण कुनै एक पार्टीको बहुमत नआउने भएकाले सरकार गठनमा पनि गठबन्धन गर्नुपर्ने बाध्यता रहेको प्रवक्ता महतले बताए ।
रासस

# दुधमति नदी संरक्षण तथा सौन्दर्यकरणका लागि विभिन्न उपसमिति गठन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धार्मिक, सांस्कृतिक र पर्यावरणीय दृष्टिले महत्वपूर्ण मानिने दूधमति नदीको संरक्षण, उत्खनन तथा सौन्दर्यकरण कार्यलाई व्यवस्थित र द्रुत गतिमा अघि बढाउने उद्देश्यसहित विभिन्न उपसमितिहरूको गठन गरिएको छ । साथै, ती समितिका पदाधिकारीहरूको कार्यक्षेत्र, सेवा सुविधा तथा आवश्यक कर्मचारी नियुक्तिका प्रस्तावहरू सर्वसम्मतिले पारित गरिएको छ ।

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेष नारायण यादवको संयोजकत्वमा बुधबार बसेको दूधमति नदी उत्खनन तथा विकास कार्य कार्यान्वयन उपसमितिको बैठकले नदी संरक्षण र विकास योजनालाई मूर्तरूप दिन विविध निर्णयहरू गरेको हो । बैठकमा मन्त्रालयका निमित्त सचिव रामकुमार खंग, सम्बन्धित महाशाखाका प्रमुख, उपसमिति सदस्यहरू, धनुषा–महोत्तरीस्थित जिल्ला प्रशासन कार्यालय, मालपोत तथा नापी कार्यालयका प्रतिनिधि तथा क्षिरेश्वर नगरपालिका र लक्ष्मीनिया गाउँपालिकाका जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो । यसअघि नै तीनवटा प्रमुख समितिहरू व्यवस्थापन समिति, प्रचार–प्रसार समिति र प्राविधिक समूह गठन गर्ने निर्णय भइसकेको थियो । पछिल्लो बैठकले ती समितिका पदाधिकारीहरूको जिम्मेवारी, अधिकार र सेवा सुविधाको निर्धारण गर्दै तत्कालीन कार्यान्वयनका लागि आवश्यक कर्मचारी नियुक्त गर्ने निर्णय गरेको हो । बैठकले दूधमति संरक्षणको लागि स्थायी कार्यालय स्थापना गर्ने र त्यसका लागि आवश्यक सामग्रीहरूको खरिद प्रक्रिया अघि बढाउने निर्णय पनि गरेको छ । नदी तथा पोखरी क्षेत्रमा डुङ्गा सञ्चालन गर्ने व्यवस्था मिलाउने विषयमा समेत निर्णय लिइएको छ । यसले पर्यटन प्रवद्र्धनमा थप टेवा पुग्ने विश्वास गरिएको छ । दूधमति उपसमिति संयोजक शेष नारायण यादवका अनुसार पहिलो चरणमा नदीको उद्गमस्थलदेखि करिब ६.५ किलोमिटर दूरीसम्म नापजाँच गरी नदी बहाव क्षेत्र छुट्याउने प्रक्रिया प्रारम्भ हुनेछ ।

यसका लागि बोलपत्र आह्वान समेत भइसकेको छ । ४४ किलोमिटर लम्बाइमा फैलिएको दूधमति नदीले धनुषा र महोत्तरी जिल्लालाई जोड्ने मात्र नभई स्थानीय धार्मिक र सांस्कृतिक गतिविधिको केन्द्रको रूपमा समेत महत्त्व राख्दछ । त्यसैले नदी संरक्षणसँगै स्थानीय पर्यटन र जनजीवनमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । स्थानीय सरकारका जनप्रतिनिधि, प्रशासनिक निकाय र प्राविधिक समूहको सहकार्यमा दूधमति नदी संरक्षण तथा सौन्दर्यकरण योजना प्रदेशस्तरीय महत्वपूर्ण परियोजनाको रूपमा अघि बढ्ने देखिएको छ । यो योजना कार्यान्वयनमा आएपछि पर्यावरणीय संरक्षणसँगै स्थानीय आर्थिक समृद्धिमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ ।

# मन्दिरलाई दिन खोजिएको जग्गा हडपिएको आरोप, छानबिनको माग

**मनोज माझी**
**सप्तरी ।**
मन्दिरलाई जग्गा दिने भनी झुक्याएर कागजातमा हस्ताक्षर गराई गाउँकै एक छिमेकीले आफ्नो श्रीमतीको नाममा जग्गा पास गराएको एक बृद्ध एकल महिलाले आरोप लगाएकी छन् । सप्तरीको बलान बिहुल गाउँपालिका–६ रामनगर टोलकी ७६ वर्षीया खटरीदेवी यादवनीले यस्तो आरोप लगाउँदै सोको छानबिन, दोषीलाई कारवाही तथा जग्गा फिर्ताका लागि पहल गरिदिन सबैसँग सहयोगको याचना गरेकी हुन् । गाउँमा कतै कुनै पहल नभएपछि न्याय खोज्दै बुधबार सदरमुकाम राजविराज आइपुगेकी उनले सरोकारवाला निकायका प्रमुख र सञ्चारकर्मीहरुलाई भेट्दै सहयोगका लागि अपील गरेकी छन् । उनले राजविराजस्थित भूमी सुधार तथा मालपोत कार्यालयमा लेखापढी ब्यवसायीको काम गर्दै आएका छिमेकी गजेन्द्र प्रसाद यादवले आफ्नो नाममा रहेको कित्ता नं.८६ को ५ कठ्ठा १४ धुर तथा कित्ता नं. २४९ को २ कठ्ठा जग्गा धोखा दिएर आफ्नी श्रीमती मञ्जुको नाममा पास गराएको बताइन् ।



निसन्तान एकल महिलाका श्रीमान झौली यादवको ९ महिनाअघि मात्र निधन भएको थियो । श्रीमानको निधनको पीडा मनमा बोकेर बाँचिरहेका बेला ठगीमा परेर जग्गा गुमाउँदा अर्का पीडा थपिएको उनले रुँदै सुनाइन् । उनका अनुसार गाउँमै रहेको कल्याणेश्वर महादेव मन्दिरको आधुनिकीकरण तथा आम्दानीको श्रोत बढाउन श्रीमान जिवीत रहेकै बखत उक्त जग्गा मन्दिरको नाममा दान गर्ने आफु दुईबीच सल्लाह भएको थियो । सो कुरा यादव दम्पतीले छिमेकी गजेन्द्रलाई पनि जानकारी गराएका थिए । संयोगवश सो जग्गा मन्दिरको नाममा पास गर्न नपाउँदै २०८१ साल भदौ २ गते झौली यादवको निधन भयो ।

श्रीमानको मृत्यु भएपछि उनको इच्छा पुरा गर्न आफुले लेखापढी व्यवसाय गर्दै आएका छिमेकी गजेन्द्रको साथ र सहयोग खोज्दा ठगिएको खटर देवीको भनाई छ । गजेन्द्रलाई मन्दिरको नाममा जग्गा कसरी दिने ? भन्ने प्रक्रिया बारे सहयोग माग्दा मलाई मालपोत कार्यालयमा पुर्याएर धोकामा पारी आफ्नो श्रीमती मञ्जुको नाममा पास गराएको उनले सुनाइन् । उनले यसबारे बैशाख १६ गते जिल्ला प्रहरी कार्यालयमा गजेन्द्रविरुद्ध उजुरी दिएको बताइन् । 'विश्वासमा परेर उनले भनेअनुसार सबै कागजातमा हस्ताक्षर गरिदिएँ, मालपोतका कर्मचारीलाई पनि उनले मिलाएका थिए खटरीले भनिन्, 'केही दिन पछिमात्र उक्त जग्गा मन्दिरको नाममा नभई गजेन्द्रकी श्रीमती मञ्जुको नाममा गएको थाहा पाएँ ।' आफ्नो जग्गा धोखा दिए हडपनेलाई पक्राउ गरी कारवाही गर्न उनले माग गरेकी छन । यता, गजेन्द्रले भने आफुले कुनै धोका नदिएको र उक्त जग्गा खटरीका श्रीमान झौली जीवित हुँदै बखत नै आफुले २१ लाखमा खरिद गरेको दाबी गरेका छन् । उनले झौलीसंग आफ्नो लेनदेनको कारोबार हुने गरेको र उनीसंग लिन बाँकी रहेको रकममा केही थपेर २१ लाखमा जग्गा खरिद गरेको दाबी गरेका छन् ।

उनले जग्गा पास गर्न खटरी देवी स्वेच्छाले मालपोत कार्यालयमा आएको र स्वेच्छाले नै मञ्जुको नाममा रजिष्ट्रेशन पास गरेको बताएका छन् । बलान विहुल गाँउपालिकाका अध्यक्ष खेमचन्द यादवले यस विषयमा पीडित भनिएकी खटरी देवीबाट न्यायीक समितीमा समेत उजुरी परेको र त्यसबारे न्यायीक समितीले छानबिन गरीरहेको जनाएका छन् ।

उनले यसबारे आफ्नो स्तरबाट समेत सत्यतथ्य पत्ता लगाउने काम थालिएको र चाँडै निष्कर्षमा पुग्ने बताए ।

# मिथिलानी बट सावित्री पर्वको तयारी गर्दै

**महोत्तरी ।**
मिथिलानीहरू तराई मधेससहित सम्पूर्ण मिथिलाञ्चलमा आउँदो सोमबार अटल सौभाग्यको कामना गर्दै मनाइने बट सावित्री पर्वको तयारीमा जुटेका छन् । पतिको दीर्घायुको कामना गर्दै नवविवाहिता तथा विवाहित नारीले प्रत्येक वर्ष मनाइने बट सावित्री पर्वका लागि महोत्तरीसहित सम्पूर्ण मिथिलाञ्चलकी नारीहरू (मिथिलानीहरू) विभिन्न तयारीमा लागेका हुन् । मिथिलानीहरू अहिले आ–आफ्नो गाउँठाउँको हाट बजारमा रातो, पहँलो तथा रङ्गीचङ्गी नयाँ बस्त्र, चुरा पोते, टिका, विन्दी तथा मेहन्दी किनमेल गर्न व्यस्त देखिएका छन् । पर्वकै लागि अनिवार्य वस्तु बाँसको चोयाबाट निर्मित पङ्खा र डालो किनमेल गर्दै देखिएका छन् । पर्व आउन अब एक साता मात्रै बाँकी रहँदा महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका–१ मा अवस्थित हटियामा अहिले प्रत्येक दिन साँझपख महिलाको घुइँचो लाग्ने गर्दछ । जहाँ महिला बासको पङ्खा र डालो किनिरहेको हेर्न सकिन्छ । त्यस्तै दिनभरि यहाँको विभिन्न श्रृङ्गार पसल, कपडा, पसल र चुरापोतेको पसलमा महिलाको भीडभाड रहने गरेको हेर्न सकिन्छ । पतिको दीर्घायुको कामना र दाम्पत्य जीवनको सुख समृद्धिका लागि महोत्तरी लगायत तराई, मधेसका महिलाले आउँदो सोमबार बट सावित्री पर्व मनाउने भएको जलेश्वर नगरपालिका–१ मा अवस्थित बाबा जलेश्वरनाथ महादेवका मुख्य पूजारी उपेन्द्र पाठकले बताए । मिथिलाञ्चलमा बट सावित्री पर्वलाई स्थानीय भाषामा (बरसाइत पावइन) भन्ने गरिन्छ । जेठ कृष्णपक्ष अमावस्याका दिन मनाइने बर साइत पावइन (बट सावित्री पर्व) नवविवाहिता र सामान्य विवाहित महिलाले फरकफरक विधिअनुसार मनाउने चलन छ । नवविवाहिता महिलाले पहिलो वरसाइत (बिहेपछि आउने पहिलो पर्व) अनिवार्य रुपमा ससुराली (श्रीमानको घर) मै मनाउनुपर्छ । नवविवाहिताले सो पर्वको लागि नहायखाय (स्नान गरी सात्विक भोजन) गरेपछि सोह्रश्रृङ्गार अर्थात लाउने लुगादेखि चुरासम्मका सबै श्रृङ्गार र पहिरनका सामग्री माइतबाटै पठाइन्छ । सोमबार बिहानै नुहाइधोइ रातो पहँलो पहिरनमा नजिकको वर (वट)को रुखमुनी बसेर नवविवाहितले आफ्ना पतिका साथ पूजा गर्नेछिन् । उपलब्ध भए वर र पीपल दुवैसँगै भएको ठाउँमा वा नभए वरको रुखमुनी पीपलको हाँगा गाडेर भए पनि वर र पीपल दुवैको उपस्थितिमा पति र पत्नी मिलेर पूजा गर्नेछन् । पति र पत्नीले पूजा गरिरहँदा पत्नीको भाइ छाता ओढाएर साक्षीको रुपमा उभिन्छन् । महिला पुरोहितले पर्वको मन्त्र उच्चारण गरी वरको जरामा पूजा गर्छन् । अंकुरी (पानीमा भिजाएर उमारिएको चना, मुंग र चामल) काँक्रो, केरा, स्याउ, अंगुर, आँप, लिची र नरिवल प्रसाइको रूपमा वरको जरामा चढाएर सिँदुरले रगाउँछन् । प्रसाद चढाइ सकेपछि ब्रतालुले पतिलाई उभिन लगाएर वरको रूखमा सात फेरो पहेँलो र रातो धागोले बेर्छन् । त्यस्तै वरको रूखलाई पति सम्झिदै हलुको हातले सेवा गरेजस्तै थिच्ने, बाँसको पङ्खा लिएर हावा दिने (हम्किने) विधिहरू पनि पूरा गर्दछन् । त्यस्तै आँप र कलश लिएर तीनपटक वरको रूख र पतिको परिक्रमा गर्छन् । परिक्रमा गरिरहेको बेलला ब्रतालुले एकपटक वरको जरामा र अर्को पटक पतिको गोडामा जल चढाउँछन् । यसपछि पत्निले पतिको खुट्टा धोएर चर्नामृतको रूपमा पिउँछिन् । यसैबीच सामान्य विवाहित महिलाले पतिको अनुपस्थितिमै वरको बोट मूनि पर्वका सबै विधि विधानहरू पूरा गरेर पूजा सम्पन्न गर्नेछन् भने घरमा गएर पतिको पूजा गर्ने, पतिलाई बाँसको पंखाले हावा दिने (हम्किने), आँपको प्रसाद खुवाउने र पतिको खुट्टा धोएर चर्नामृत पिउने चलन रहेको छ । अग्निपुराणमा उल्लेख भएअनुसार व्रती महिला दिनभरि उपवास गरेर सावित्रीको पूजा वृक्षको मुनि बसेर गर्नुका साथसाथै अविवाहित तरूणीहरू पनि गीत गाउँदै र लोकनाच गर्दै यस चाडलाई मनाउने गर्दछिन् । यस पर्वको दिनमा बिहानै विवाहित महिलाहरू उठेर नदी अथवा पोखरीमा स्नान र स्वच्छ तन मन धनले बट वृक्षमुनि सावित्रीको आराधना र अर्चना गरेर धुमधामसहित यसलाई मनाउने गर्दछन् । नयाँ साडी लगाएर आफ्नो सिउँदोमा सिन्दुर हालेर विधिविधानसहित यस पर्वलाई मनाउने परम्परा रहेको छ । विभिन्न फलफूल, अक्षता, धुप, दीपसहित विवाहित महिला गीत गाउँदै गाउँ बाहिर जहाँ बट वृक्षको अवस्थिति हुन्छ । त्यस ठाउँमा गएर सावित्रीको पूजा गर्दछन् । पर्वमा पार्वती, सावित्री र नागको पनि पूजा गरिन्छ । सावित्रीले मृत पति सत्यवान्को पुनर्जीवनका लागि यसरी नै पूजा गरेको धार्मिक पुस्तकका उल्लेख रहेको जलेश्वर नगरपालिका–८ का पण्डित अनिल पाठकले बताए । रासस



# 'हाम्रो माया घर' निर्माणले गति लियो

**महोत्तरी ।**
महोत्तरीको बर्दिवास–२ हङकङडाँडामा 'हाम्रो माया घर' निर्माणले गति लिएको छ । भवन तयार हुनासाथ आश्रय पाइने अशक्त, बेसहाराले आस सँगालेका छन् । नौ महिनाअघि मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले शिलान्यास गरेसँगै निर्माण थालिएको 'हाम्रो माया घर'को ५० प्रतिशत काम सम्पन्न भएको छ । हाम्रो मायाघर निर्माण समितिका अध्यक्ष शम्भुप्रसाद भट्टराईका अनुसार यहाँ १० करोड ६९ लाखको लागतमा दुईवटा भवन निर्माणको काम अघि बढेको छ । उनले भने, 'दुई वर्षभित्र भवन निर्माण गर्ने लक्ष्य छ ।'

पहिलो भवन निर्माणको काम गत वर्ष साउनमा आयोजित शिवपुराण महायज्ञबाट प्राप्त रकमबाट थालिएको हो । दुई करोड रकम सो महायज्ञबाट सञ्चित भएको थियो । त्यसयता निर्माण कार्यमा विभिन्न दाताबाट जुटेको सहयोगबाट काम निरन्तर अघि बढेको अध्यक्ष भट्टराईले बताए । केही दिनअघि बर्दिवास नगरपालिकाका प्रमुख प्रहलादकुमार क्षेत्रीले २५ लाख सहयोगको घोषणा गरे । यस्तै ॐ समाज डेण्टल अस्पताल, बर्दिवासका सञ्चालक डा. सुवास घिमिरेले ७ लाख ५० हजार उपलब्ध गराएका छन् । पहिलो भवन निर्माण सम्पन्न गरेर प्रयोगमा ल्याएर अर्को भवन निर्माण थालिने अध्यक्ष भट्टराईले बताए । असहाय बालबालिका, सडक मानव, अशक्त र बेसहाराका लागि 'हाम्रो माया घर' आश्रय हुने हाम्रो मायाघर बर्दिवास समितिका अध्यक्ष कृष्णप्रसाद गौतमले बताए । 'हाम्रो माया घर' निर्माण गर्न पाँच कठ्ठा १० धुर जग्गा निःशुल्क प्राप्त भएको छ । दाताहरु भेटिएपछि अर्को भवन निर्माण कार्य अघि बढ्ने उनको भनाइ छ । यहाँ निर्मित 'हाम्रो माया घर' मा मधेशका जुनसुकै ठाउँमा भेटिने सडक मानव, असहाय बालबालिका, अशक्त, बेसहारा एवम् परिवारबाट हेपिएका, त्यागिएका वृद्धवृद्धालाई खानपान, बास, उपचार र लत्ताकपडासहित बन्दोबस्त गरेर राखिने हाम्रो मायाघर बर्दिवास समितिका अध्यक्ष गौतमले बताए । 'हाम्रो माया घर' मा दुई सय जना बेसहारालाई मानवोचित व्यवस्थापनसहितको आश्रय दिने लक्ष्य छ । दुबै भवन बालबालिका र अपाङ्गमैत्री हुनेछन् । खेलकुद, मनोरञ्जन र विद्यालय शिक्षासँग यहाँ ल्याइने बालबालिकालाई तत्काल जोडिने छ । रासस



# चट्याङ लागेर वीरगंजमा एक युवकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा चट्याङ लागेर एक युवकको मृत्यु भएको छ । मृत्यु हुनेमा वीरगंज महानगरपालिका वडा नम्बर–३२ टेढा गाउँका भगन माझीका १५ वर्षीया छोरा शिवशंकर माझी रहेका छन् । प्रहरीका अनुसार शिवशंकर घरमा सुतिरहेका बेला बुधबार बिहान ४ बजेतिर अचानक चट्याङ परेको र त्यसपछि उनि सास फेर्न गाह्रो भएको भन्दै आँफै घरबाट निस्किएर १४÷१५ कदम हिँडेपछि लडेर बहोश भएका थिए ।

त्यसपछि आएका गाँउका स्वास्थ्यकर्मीले चेकजाँच गर्दा शिवशंकरको मृत्यु भइसकेको घोषणा गरेको प्रहरीले जनाएको छ ।

शिवशंकरको शव पोष्टमार्टमका लागि वीरगंजको नारायणी अस्पतालमा राखिएको प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिए ।

# ३२ योग्य शिक्षक नियुक्त



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको सबैला नगरपालिकाले ठूलो संख्यामा विज्ञापन गरेर स्थानीय तहमै ३२ जना योग्य शिक्षक नियुक्त गरेको छ । कुल ९७२ जना आवेदकमध्येबाट विभिन्न चरणको प्रतिस्पर्धा पार गरेका ३२ शिक्षकहरूलाई विषयगत आवश्यकता अनुसार छनोट गरिएको हो । नगर प्रमुख कारी राम यादवले शिक्षा क्षेत्रमा दीर्घकालीन लगानी र संरचनात्मक सुधारलाई प्राथमिकता दिइएको बताउँदै यो नियुक्ति प्रक्रिया शिक्षाको गुणस्तर उकास्ने महत्वपूर्ण पाइलो भएको बताए ।

'स्थानीय तहमै शिक्षामा लगानी गरी संरचना सुदृढ बनाउने हाम्रो दीर्घकालीन लक्ष्य हो,' उनले भने, 'नगर शिक्षक नियुक्ति त्यस दिशातर्फको एक महत्वपूर्ण पाइलो हो ।' यस प्रक्रियाबाट स्थानीय तहमा युवाहरूका लागि रोजगार सिर्जना हुनुका साथै नगरभित्रका सामुदायिक विद्यालयहरूमा शिक्षाको गुणस्तरमा उल्लेखनीय सुधार आउने विश्वास गरिएको छ । शिक्षित जनशक्तिको परिचालनमार्फत शैक्षिक समावेशीकरण, विषयगत विशेषज्ञता र नियमितता कायम हुने अपेक्षा गरिएको छ । यस नियुक्ति प्रक्रियामा प्रभावकारी समन्वय र नेतृत्व देखाउने प्रमुख व्यक्तिहरूप्रति नगरपालिकाले विशेष आभार व्यक्त गरेको छ ।

नगर प्रमुख कारी राम यादव, वडा नं. ११ का वडा अध्यक्ष सरोज यादव, प्रशासकीय प्रमुख साबिर महतो, शिक्षा शाखा प्रमुख युबराज काफ्ले तथा सम्पूर्ण कार्यपालिका सदस्यहरूको योगदान उल्लेखनीय रहेको बताइएको छ ।

नगरपालिकाले बाँकी रहेका नगर शिक्षक पदहरूमा पनि चाँडै पुनः विज्ञापन गरी नियुक्ति प्रक्रिया अघि बढाइने जानकारी दिएको छ । शिक्षा क्षेत्रलाई व्यवस्थित, सुदृढ र दिगो बनाउने योजनाअनुसार आवश्यक संरचना तथा जनशक्ति विस्तार नगरको प्राथमिकतामा रहेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन